श्रोतः राजधानि दैनिक, २०७१/१२/२८

# तनहुँ जलविद्युत्मा परामर्शदाता सम्झौता गर्न नआए प्रक्रिया रद्द हुने

राजधानी समाचारदाता
काठमाडौं, २८ चैत

१ सय ४० मेगावाट माथिल्लो सेती निर्माण गरिरहेको नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी तनहुँ हाइड्रो पावर कम्पनीले १५ दिनभित्र सम्झौताका लागि नआए जर्मनीको ल्याहमेर इन्टरनेसनल कम्पनीसँगको प्रक्रिया रद्द गर्ने निर्णय गरेको छ । ठूलो विवादबीच मन्त्री परिषद्बाट ल्याहमेर र मनितोबा क्यानाडाको संयुक्त कम्पनीलाई परामर्शदाताका रूपमा छनोट गर्ने निर्णय गरेकामा विभिन्न सर्तहरू राखेर ल्याहमेर ठेक्का सम्झौताका लागि नआएपछि कम्पनीले शुक्रबार बोर्ड बैठक बसेर सो निर्णय गरेको हो । 'करलगायतका विषयमा नेपालको प्रचलित कानुनअनुसार सम्झौता गर्नका लागि १५ दिनभित्र आउन ल्याहमेरलाई पत्र पठाउने निर्णय तनहुँ कम्पनीले गरेको छ ।' कम्पनी अध्यक्ष एवं प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले भने,'तोकिएको समयभित्र नआएमा ल्याहमेरसँगको प्रक्रिया रद्द पनि हुन सक्नेछ र अर्को विकल्पमा जाने अवस्था आउनेछ ।'

एसियाली विकास बैक (एडीबी) ले ल्याहमेरलाई छनोट गरेकामा त्यसप्रति असन्तुष्ट जनाउँदै ८ असोजमा उर्जा मन्त्री राधाकुमारी ज्ञवालीले सो छनोटलाई रद्द गरेको थियो । त्यसपछि एडीबीले आयोजनाबाट हातसमेत झिक्ने चेतावनी दिएपछि १७ पुसमा मन्त्रिपरिषद्ले ऊर्जामन्त्रीको निर्णय उल्टाएर ल्याहमेरलाई दिने निर्णय गरेको थियो ।

मन्त्रिपरिषदको निर्णय भएको सात दिनभित्रै तनहुँले नेगोसिएसनका लागि ल्याहमेरलाई पत्र लेखेको थियो । पटक पटक वार्ता भए पनि आयकर नेपालले नै तिर्नुपर्ने सर्त राखेकामा कम्पनीले त्यसलाई अस्वीकार गर्दै आएको छ । नेपालको प्रचलित कानुनअनुसार सम्बन्धित परामर्शदाता कम्पनीले नै आयकरलगायतका सरकारले तिर्नुपर्ने कर तिर्नुपर्ने व्यवस्था छ तर ल्याहमेरले सरकारले बेहोर्नुपर्ने बताउँदै आएको छ । ल्याहमेरले आयकर नेपालले बेहोर्नुपर्ने भन्दै एडीबीले समेत परामर्शदाता कम्पनीको पक्षपोषण गरिरहेको आयोजना स्रोतले जनाएको छ ।

प्राधिकरणले आयकर तिर्न अस्वीकार गर्दै पत्र पठाए पनि तीन दिनअघि फेरि एडीबीले आयकरलगायत सरकारले नै बेहोर्नुपर्ने पत्र पठाएपछि शुक्रबार बैठक नै बसेर तनहुँ बोर्डले १५ दिनभित्र सम्झौताका लागि

आउन र त्यो अवधिभित्र नआएमा अर्को प्रक्रिया अघि बढ्ने निर्णय गरेको छ । तोकिएको समयमा ठेक्का सम्झौताका लागि नआएमा वैकल्पिक प्रक्रिया अघि बढ्ने तनहुँ जलविद्युत् आयोजनाले जनाएको छ ।

सन् २०२० भित्र आयोजना सम्पन्न गर्ने गरी २०१४ को जनवरीमा ठेक्का सम्झौता गरी फेब्रुअरीदेखि परामर्शदातालाई काममा खटाइसक्ने लक्ष्य राखिएकामा १ वर्Èभन्दा बढी ढिलो भइसकेको छ । पहिला सन् २०१८ मै सम्पन्न गर्ने लक्ष्य राखिए पनि सरकारकै कारण दुई वर्ष ढिलाइ भएको थियो । परामर्शदाता छनोटका लागि मात्र एक वर्षभन्दा बढी समय लागिसकेको आयोजनाले जनाएको छ ।

५०५ मिलियन अमेरिकी डलर अर्थात् झन्डै ५० अर्ब रुपैया“ लागत भएको सो आयोजनामा जापानको अन्तराष्ट्रिय सहयोग एजेन्सी (जाइका) को १८ अर्ब रुपैया“ (१८४ मिलियन डलर), एसियाली विकास बैंक (एडीबी)को करिब १५ अर्ब रुपैया“ (१५० मिलियन डलर) र युरोपियन इन्भेस्टमेन्ट बैंक (ईआइबी) को करिब साढे आठ अर्ब (८५ मिलियन डलर) सहयोग रहनेछ । परामर्शदाताका लागि एडीबीले २ करोड ७५ लाख अमेरिकी डलर अर्थात् दुई अर्ब ७५ करोड रुपैया“ कर्जा दिएको छ ।

श्रोतः गोरखापत्र, २०७१/१२/२९

## सानिमाले क्रमश विद्युत उत्पादनको क्षमता विस्तार गर्दै

**बुद्धवीर राई**

इलाम, चैत २९ गते । सानिमा माई जलविद्युत आयोजनाले क्षमता विस्तार गर्दै लगेको छ । गत मङ्सिर २८ गते पहिलोपटक परिक्षण सुरु गरेको आयोजनाले अहिले ८ मेगावाट विद्युत उत्पादन थालेको हो । २२ मेगावाट क्षमताको उक्त आयोजनाले फागुन महिनमा २ मेगावाट विद्युत गर्दै सुरु गरेको थियो । चैत महिनादेखि विद्युत उत्पादन बढाएको आयोजनाले जनाएको छ । नेपाल विद्युत प्राधिकरणको गोदक प्रसारण लाईनमा जडान गरेर चैत महिनादेखि ८ मेगावाट विद्युत उत्पादन विस्तार गरिएको आयोजनाको कार्यालयले जानकारी दिएको छ ।

कावेली विद्युत कोरिडोर सम्पन्न नभएका कारण कम विद्युत उत्पादन गर्दै आएको अयोजनाले जनाएको छ । बर्षा याममा विद्युत उत्पादन बढ्ने भएपनि झापको दमकदेखि पाँचथरको फिदिमसम्म विस्तार भईरहेको १३२ केवि कावेली प्रसारण लाई निर्माण सम्पन्न नभएकाले थप विद्युत उत्पादन गर्न गाह्रो हुने आयोजनाले जनाएको छ । कोरिडोर नबन्दासम्म सानिमाको विद्युत उत्पादन खेर जाने भएको छ । सानिमा माई हाइड्रोद्धारा प्रवर्दित यस आयोजना २०६७ साल कात्तिक २७ गतेवाट काम सुरु भएको हो । चिसापानी गाविसको नौ नम्वर वडा र दानावारी गाविसको छ नम्वर वडामा आयोजना स्थल रहेको यस परियोजनामा गैर आवाशिय संस्था ‘एनआरएन’ले लगानी गरेको छ । तीन अर्वको लगानीमा सम्पन्न यस जलविद्युत आयोजनामा आयोजना प्रभावित क्षेत्रका स्थानिय वासीन्दाहरुलाई समेत सेयर विक्रि गरेको छ ।

आयोजना २०६७ कात्तिक महिनादेखि निर्माण सुरु गरिएको थियो । आयोजनाको दानावारीमा अर्को माई क्यासकेट जलविद्युत आयोजना समेत निर्माणधिन अवस्थामा रहेको छ । सात मेघावट विद्युत निर्माण गर्ने लक्षका साथ सुरु भएको आयोजनाको पचहत्तर प्रतिशत काम सम्पन्न भएको जनाइएको छ । यसको दानावारी छ र आठ नम्वर वडामा आयोजना स्थल रहेको छ । डेढ वर्ष अघि सुरु भएको आयोजना सम्पन्न गर्न अव एक वर्ष लाग्ने जनाइएको छ । माई जलविद्युत आयोजना निर्माण गरेपश्चात सोहि पानीलाई उपयोग गर्दै माई क्यासकेट जलविद्युत आयोजना निर्माण गर्न लागिएको प्रवर्धक सानिमा माई हाइड्रोले जानकारी दिएको छ । गैर अवाशियहरुको संस्था एनआरएनको रु पाँच अर्ब लगानीमा दुवै आयोजना निर्माण पूरा हुने सानिमा माईका आवासीय अधिकृत भोजराज पौडेलले जानकारी दिनुभयो ।

श्रोतः नागरिक, २०७१/१२/३०

## पश्चिमसेतीका लागि एफडीआई स्वीकृति

लगानी बोर्डले ७ सय ५० मेगावाटको जलाशययुक्त पश्चिमसेती जलविद्युत् आयोजनाका लागि बैदेशिक लगानी (एफडीआई) भित्र्याउन ठेकेदार चिनियाँ कम्पनी सीडब्ल्यू इन्भेष्टमेन्ट कर्पोरेशनलाई स्वीकृति दिने निर्णय गरेको छ।
बोर्डको सोमबार बसेको बैठकले एफडीआई स्वीकृतिसहित सीडब्ल्यू र नेपाल विद्यूत् प्राधिकरणको स्वामित्व रहने गरी नेपालमा कम्पनी स्थापना गर्न निर्देशन दिने निर्णय गरेको छ। त्यस्तै, बर्षायाम शुरु हुनुअघि नै उक्त कम्पनीले आयोजनास्थलको भौगर्भिक लगायतका अध्ययन पूरा गर्न पनि निर्देशन दिने निर्णय गरेको छ।

आयोनजाको निर्माणको जिम्मा पाएको कम्पनी चिनियाँ थ्री गोर्जेजको सहायक कम्पनी हो। आयोजना निर्माणका लागि बैदेशिक लगानी ल्याउन उक्त कम्पनीले एफडीआई स्वीकृतिका लागि लगानी बोर्डमा निवेदन दिएको थियो।

आयोजनाका लागि सीडब्ल्यूआईले करीब रु. १ खर्ब ५० अर्ब बैदेशिक ऋण लगानी भित्र्याउने तयारी गरेको छ। आयोजनामा सीडब्ल्यूईको ७५ प्रतिशत र नेपाल विद्युत् प्राधिकरणको २५ प्रतिशत शेयर स्वामित्व रहने सहमति यसअघि नै भइसकेको छ। आयोजनामा करिब १ खर्ब ८० अर्ब रुपैयाँ लगानी हुने अनुमान गरिएको छ।

एफडीआई भित्र्याउने, कम्पनी दर्ता गर्ने, आयोजना विकास सम्झौता, विद्युत् खरिद विक्रि सम्झौता र उत्पादित विद्युतको बजार माग, आयोजनास्थलको स्थलगत अध्ययनलगायत कामकालागि थ्री गोर्जेजका अध्यक्ष लु चुनको नेतृत्वमा गत फागुनमा ११ सदस्यीय प्रतिनिधि टोली नेपाल आएको थियो। त्यसबेला पनि कम्पनीले बोर्डसँग स्वीकृतिका लागि छलफल गरेको थियो।

यसअघि उक्त आयोजना निर्माणको अनुमति पाएको अस्ट्रेलियाली कम्पनी स्नोइ माउन्टेन इन्जिनियरिङ कर्पोरेसन (स्मेक)ले १७ वर्षसम्म आयोजना कार्यान्वयनमा नलगेपछि मन्त्रालयले २०६८ साउनमा स्मेकको अनुमति खारेज गरी सरकारी बास्केटमा यस आयोजनालाई ल्याएको थियो। लगत्तै, पूर्वऊर्जामन्त्री गोकर्ण विष्टको पालामा विना प्रतिस्पर्धा २०६९ सालमा आयोजना निर्माणको अनुमति सीडब्ल्यूईआईलाई दिइएको थियो। कुल करिब १ खर्ब ८० अर्ब रुपैयाँ लागतमा सन् २०१४ बाट आयोजना निर्माण शुरु गरी २०२१ सम्ममा पूरा गर्ने प्रारम्भिक सहमति गरेको थियो।

आयोजनाको कुल लागतको १० प्रतिशत सेयर स्थानीय (बैतडी, बझाङ, डडेलधुरा, डोटी) लाई छुट्ट्याउने,

स्थानीय विद्युतीकरणका लागि १ सय ५० मेगावाट बिजुली उपलब्ध गराउने सहमति कम्पनीले गरेको छ। विद्युत् प्रसारणका लागि बुटवलदेखि आयोजना स्थलसम्म ५ सय किमि लामो ४ सय केभी क्षमताको प्रसारण लाइन निर्माण गर्नुपर्ने सहमति पनि यसअघि नै भएको छ।

**पीडीए वार्ताबापत प्रतिमेगावट १५ सय डलर शुल्क**

बोर्डको अध्यक्षता गरिरहेका प्रधानमन्त्री सुशील कोइरालाको अध्यक्षतामा सोमबार बसेको १७ औं बैठकले लगानी बोर्ड अन्तर्गत कार्यान्वय हुने ५ सय मेगावाटदेखि माथिका जलविद्युत् आयोजनाहरुको परियोजना विकास सम्झौता(पीडीए) वार्ताका लागि वार्ता शुल्क बापत प्रतिमेगावाट १ हजार ५ सय अमेरिकी डलर लिने निर्णय पनि गरेको छ। त्यस्तै, पीडीए वार्ताका गर्न बोर्डका कार्यकारी प्रमुखको संयोजकत्वमा अर्थमन्त्रालय, ऊर्जा मन्त्रालय, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयका सह–सचिवहरु, विद्युत् विकास विभागका महानिर्देशक र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशकसमेत रहने ७ सदस्यीय वार्ता टोली गठन गर्ने पनि निर्णय गरेको छ।

बैठकले तामाकोशी तेस्रो जलविद्युत् आयोजनको सम्बन्धमा परियोजना वार्ता सम्झौता(पीएनए)को समायावधि संशोधन गरी त्यसमा हस्ताक्षर गर्ने अख्तियारी बोर्डका कार्यकारी प्रमुखलाई दिने र बोर्डका प्रमुख कार्यकारी अधिकृतको कार्यसम्पादन मूल्यांकन गर्न अर्थमन्त्रीको संयोजकत्वमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष र सरकारका पूर्वसचिव विमल वाग्ले रहने गरी एक विशेष समिति समेत गठन गर्ने निर्णय गरेको छ।

श्रोतः नागरिक, २०७१/१२/३०

## ऊर्जाका लागि उपलिब्धमूलक २०७१

नेपालको ऊर्जा क्षेत्रका लागि वर्ष २०७१ तुलनात्मकरुपमा फलदायी रह्यो। यद्‍यपि, ऊर्जा क्षेत्रमा केही दुःखद् विपद्का घटना र विवाद पनि देखिए। वर्षको सुरुदेखि नै ऊर्जा विकासका विविध गतिविधिले तीव्रता पायो। सरकारको नीति तथा कार्यक्रममा पहिलो प्राथमिकता पाएको ऊर्जा क्षेत्रमा दशकौंदेखि थाति रहेका ठूला आयोजना निर्मणमा जाने सुनिश्चिता भयो।
अघि बढेका अधिकांश ठूला आयोजना र गतिविधि भारत र भारतीय पक्षसँग सम्बन्धित रहेको र करिब १७ वर्षपछि भारतीय प्रधानमन्त्रीको नेपाल भ्रमणका अवसरमा ती आयोजनामा विभिन्न सम्झौता र निर्णय भएकाले पनि नेपालको ऊर्जा विकासको गतिविधिले यस वर्ष विश्वकै ध्यान आकृष्ट गर्न सफल भयो।

# अघि बढे ठूला आयोजना

**नेपाल-भारत ऊर्जा व्यापार सम्झौत(पिटिए)**

खासगरी भारतमा भारतीय जनता पार्टीको नेतृत्वमा सरकार बनेपछि र नरेन्द्रमोदी प्रधानमन्त्री बनेपछि उनको 'छिमेकी पहिलो' नीतिले नेपालको ऊर्जा क्षेत्रमा पनि सकारात्मक परिवर्तन ल्यायो। थाति रहेका ऊर्जा क्षेत्रका आयोजनाहरु पनि एकपछि अर्को गर्दै अघि बढे। यसक्रममा सबैभन्दा पहिले नेपाल-भारत विद्‍युत् व्यापार सम्झौत(पीटीए) सम्पन्न भयो।

विभिन्न चरणको छलफल र बहसपछि भारतीय पक्ष नेपालले नै बनाएको मस्यौदामा सहमत हुँदै पीटीए गर्न राजी भयो र भदौ १९ गते बिहीबार दिल्लीमा पीटीए सम्झौता भयो। उक्त सम्झौतामा सहसचिवस्तरीय प्रारम्भिक हस्ताक्षरलाई दुबै देशका मन्त्रिपरिषद्ले अनुमोदन गरेपछि कात्तिक ४ गते मंगलबार काठमाडौंमा दुबै देशका सचिवले पीटीएमा अन्तिम हस्ताक्षर गरे। ऊर्जा अभाव झेलिरहेका दुबै देशबीच ऊर्जाको व्यवसायीक आदान–प्रदानमा यो सम्झौता महत्वपूर्ण हुने विश्वास गरिएको छ। त्यस्तै, सम्झौतापछि नेपालमा उत्पादन हुन ऊर्जा नेपालमा खपत नभएको अवस्थामा भारतमा बिक्रि गर्न सकिने भएकाले नेपालमो ऊर्जा क्षेत्रमा वैदेशिक लगानी (एफडीआइ) भित्रिने विश्वास पनि गरिएको छ।

**माथिल्लो कर्णाली आयोजना विकास सम्झौता (पीडीए)**

पिटिएपछि भारतको ग्रान्धी मल्लिकार्जुन राव (जीएमआर) इनर्जी लिमिटेडले बनाउने जिम्मा पाएको ९ सय मेगावाट क्षमताको मथिल्लो कर्णाली जलविद्‍युत् आयोजनाको परियोजना विकास सम्झौता(पिडिए)

भयो। यस आयोजनाको भदौ महिनामा पीडीए भएपछि हाल यस आयोजनाबाट विस्थापितहुने स्थानीय बासिन्दा र उनीहरुको पुनर्स्थापनाको विषयमा जीएमआरले अध्ययन गरिरहेको छ। कर्णाली नदीमा बन्ने उक्त आयोजना सन् २०२२ सम्ममा पूरा गर्ने लक्ष्य छ।

**पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको विधान पारित**

असोज ७ गते काठमाडौंमा बसेको नेपाल-भारत सचिवस्तरीय बैठकले 'पञ्चेश्वर विधान' पारित गर्योप। विधानअनुसार पञ्चेश्वर विकास प्राधिकरण सञ्चालक बोर्ड गठन भई करिब ६ हजार मेगावाट विद्युत् क्षमताको महाकाली नदीमा बन्ने उक्त बहुउद्देश्यीय आयोजनाको काम अघि बढेको छ। बोर्डको गभर्निङ बडिको तत्कालीन बैठकले उक्त आयोजनाको विषयमा नेपाल र भारत दुबै देशले अध्ययन गरेको विस्तृत आयोजना प्रतिवेदन (डीपीआर)को अध्ययन गरी थप अध्ययनपछि साझा र अद्यावधिक डीपीआर तयार गर्न सात महिनाको समय दिई भारतीय सरकारी कम्पनी वापकोसलाई जिम्मेवारी दिएको छ। उक्त आयोजनाको नेपाली अध्ययनले ६ हजार ७ सय २० मेगावाट क्षमतामा निर्माण गर्न सकिने र भारतीय पक्षको अध्ययनले ५ हजार ६ सय मेगावाट क्षमतामा उक्त आयोजना निर्माण गर्न सकिने देखिएको थियो। सन् १९९६ सेप्टेम्बरमा भएको एकीकृत महाकाली सन्धीको १८ वर्षसम्म विभिन्न राजनीतिक कारण र खास गरी भारतको बेवास्ताका कारण अघि बढ्न नसकेको सीमा नदी महाकालीमा निर्माण गरिने उक्त आयोजना यसै वर्षबाट अघि बढेको हो।

**अरुण तेस्रो जलविद्युत् आयोजनाको पीडीए**

अठारौं सार्क शिखर सम्मेलनको पूर्वसन्ध्या मंसिर ९ गते मंगलबार प्रधानमन्त्री सुशील कोइराला र भारतीय समकक्षी नरेन्द्र मोदीको उपस्थितिमा अरुण तेस्रो जलविद्युत् आयोजनाको परियोजना विकास सम्झौता (पीडीए) सम्पन्न भयो। लगानी बोर्ड र भारत सरकारको स्वामित्वमा रहेको सतलज जलविद्युत् निगमबीच पीडीए भएको हो। सङ्खुवासभा जिल्लास्थित अरुण नदीमा बन्ने उक्त ९ सय मेगावाटको आयोजना सन् २०२१ सम्ममा निर्माण पूरा हुने लक्ष्य छ। निर्माण गर्ने भनिएको ३३ वर्षपछि उक्त आयोजनाले निर्माणमा लाने सुनिश्चितता पाएको हो।

**पश्चिम सेती निर्माणमा लाने प्रक्रिया सुरु**

चाइना थ्री-गोर्जेजको सहायक कम्पनी सीडब्ल्यूई इन्भेष्टमेन्ट कर्पोरेशन र नेपालको लगानीमा बन्ने भनिएको पश्चिम सेती जलविद्युत् आयोजनालाई निर्माणमा लान विभिन्न स्तरका तयारीहरु अघि बढेका छन्। ७ सय ५० मेगावाट क्षमताको जलाशययुक्त उक्त आयोजना निर्माणको ठेक्का २०६८ सालमै पाएर पनि निर्माण नगरेको थ्री-गोर्जेजमाथि नेपालले दिएको चर्को दबाबपछि नेपालमा कम्पनी खोल्ने, विदेशी लगानी (एफडीआई) ल्याउन अनुमति लिनेजस्ता कार्यमा उसले सक्रियता देखाएको हो। तर, आयोजना

निर्माणका विषयमा लगानी बोर्ड र ऊर्जा मन्त्रालयबीच नै मतऐक्यता हुन नसकेपछि संसदको कृषि तथा जलस्रोत समितिले उक्त आयोजनाका विषयमा साझा धारणा बनाउन लगानी बोर्ड र मन्त्रालयले चैत मसान्तसम्मको समय दिएको छ। स्नोइ माउन्टेन इञ्जिनियरिङ कर्पोरेशन (स्मेक)ले उक्त आयोजना निर्माणको अनुमति पाएको १७ वर्षसम्म पनि निर्माण नगरेपछि आयोजना निर्माणको अनुमति सीडब्ल्यूईले पाएको थियो। आयोजना सन् २०२२ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

बुढीगण्डकी, नलसिंहगाड, माथिल्लो त्रिशुली-१ लगायतका आयोजना पनि निर्माणका लागि अघि बढेका छन्। निर्माणको चर्चा गरिएको करिब ३ दशकपछि बुढीगण्डकी आयोजना अघि बढाउन लागिएको छ।

## सार्क सम्मेलनका ऊर्जा उपलब्धि

मंसिर १० र ११ गते काठमाडौंमा आयोजना गरिएको १८ औं सार्क शिखर सम्मेलनले पारित गरेको सार्क क्षेत्रस्तरीय ऊर्जा सहकार्य र विद्युतीकरणको कार्यढाँचासम्बन्धी सम्झौता नेपालको ऊर्जा विकासमा महत्वपूर्ण उपलब्धी हो। यस सम्झौतापछि सार्कका सदस्य राष्ट्रहरुले एकअर्काको देशबाट ऊर्जा उत्पादन, प्रसारण र खरिद बिक्री गर्न सक्नेछन्। खास गरी बढ्दो ऊर्जा अभावबाट आक्रान्त भारत, नेपाल, पाकिस्तान, बङ्गलादेशलगायत मुलुकका राष्ट्र प्रमुखहरुले विजुली, कोइला, ग्यास, सौर्य ऊर्जादेखि लिएर हरेक मिसिमका ऊर्जा विकासका लागि ऐक्यबद्धता जनाएका छन्।

## मोदी भ्रमणको ऊर्जा उपलब्धि

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको साउन १७ र १८ गते भएको नेपाल भ्रमण त झनै नेपालका लागि महत्वपूर्ण उपलब्धी सावित भयो। यसले थाती रहेका आयोजनालाई अघि बढाउन मद्दत गर्योज। अर्कोतर्फ, प्रधानमन्त्री मोदीले नेपालका लागि सहुलियत ऋण दिने घोषणा गरेका १ खर्ब रुपैयाँ बुढीगण्डकी जलविद्यूत् आयोजनामा लगानी गर्ने विषयमा सरकारले छलफल गरिरहेको छ।

## राष्ट्रिय प्रसारणमा जोडिएको विद्युत्

सानिमा माई हाइड्रो पावर लिमिटेडले निर्माण गरेको २२ मेगावाट क्षमताको माई हाइड्रोपावर आयोजना, बुटवल पावर कम्पनी लिमिटेडले प्रबर्द्धन गरेको ९ दशमलव ४ मेवा आँधिखोला जलविद्युत् आयोजना, ५

मेगावाटको माथिल्लो हुग्दी, ४ दशमलव ४ मेगावाटको राधीखोला, ३ मेगावाटको भैरवकुण्डजस्ता आयोजना निर्माण सम्पन्न भई यसै वर्ष राष्ट्रिय प्रसारणमा जोडिए।

## लोडसेडिङमा राहत

अघिल्लो वर्ष २०७० को चैत महिनामा पनि दैनिक ११ देखि १२ घण्टाको लोडसेडिङ थियो। तर, यस वर्ष लोडसेडिङ घटेर ८ घण्टामा आइपेगको छ। थप विद्युत् उत्पादन, भारतबाट थप विद्युत् आयात, विद्युत् प्राधिकरणको चुहावटमा नियन्त्रणलगायत कारणले लोडसेडिङ कम गर्न सकिएको प्राधिकरणले बताएको छ।

## नीतिगत उपलब्धि शून्य

वर्षको सुरुमा नै ऊर्जामन्त्री राधाकुमारी ज्ञवालीले कुनै पनि जलविद्युत् आयोजनाको विद्यूत् खरिद सम्झौता (पीपीए) अमेरिकी डलरमा नगर्ने अडान सार्वजनिक गरिन्। यसलगत्तै उनको अडानको चर्को आलोचना भयो। डलरमा पीपीए नगरेसम्म जलविद्युत्को क्षेत्रमा वैदेशिक लगानी(एफडीआई) आउन नसक्ने भन्दै मन्त्रालयभित्रैबाट, विद्युत् प्राधिकरण, स्वतन्त्र ऊर्जा उत्पादनलगायत सरोकारवाला सबैबाट विरोध भयो।

खिम्ती र भोटेकाशीजस्ता आयोजनाको डलर पीपीएका कारण प्राधिकरणको घाटा बढेको अभिव्यक्तिहरु सार्वजनिक भइरहँदा यस विषयमा अध्ययन गर्न संसदको कृषि तथा जलस्रोत समितिले सभासद् टोपबहादुर रायमाझीको संयोजकत्वमा एक उपसमिति गठन गर्यो्स। असार २९ गते १ महिनाको समय दिएर गठन गरिएको उक्त समितिले हालसम्म पनि अध्ययन प्रतिवेदन बुझाएको छैन। यसले गर्दा प्रतिवेदनकै सुझावका आधारमा पीपीए निर्देशिका बनाउने भनेर बसेको मन्त्रालयले पनि निर्देशिका ल्याउन सकेको छैन।

नयाँ विद्युत् ऐनको मस्यौदा पुस मसान्तभित्र ल्याउने भनी मन्त्रालयले संसदीय समितिमा प्रतिबद्धता गरेको थियो। तर, समितिले दोस्रो पटक दिएको चैत मसान्तसम्ममा पनि ऐनको मस्यौदा ल्याउन सकेको छैन। नयाँ ऐन बन्न नसक्दा विद्युत् प्राधिकरणको खण्डिकरणलगायत समग्र ऊर्जा क्षेत्रको पुनःसंरचनाको विषय अधुरै रह्यो।

श्रोतः नागरिक, २०७१/१२/३०

# केचएनपीद्वारा ठेक्का तोड्ने चेतावनी

लक्ष्मण वियोगी

चमेलिया जलविद्युत आयोजनाको इलेक्ट्रोमेकानिकल तथा हाइड्रोमेकानिकल ठेकेदार 'केएचएनपी कन्सोर्टियम कोरिया' ले सम्झौताअनुसार काम गर्न नपाएको भन्दै ठेक्का तोड्ने चेतावनी दिएको छ। निर्माणमा सम्झौताभन्दा बढी समयबराबरको रकम (प्रोलोङ्गेसन कस्ट) नदिएको र ठेक्का अवधिसमेत नथपेको भन्दै दुवै विषय सम्बोधन नगरे कुनै पनि बेला ठेक्का तोड्ने चेतावनी दिएको हो।

सिभिल निर्माणको काम ढिलो भएको, उपकरण जडान गर्न नपाएको र आयोजनाले उपकरण भण्डारण गर्ने ठाउँसमेत नदिएकाले यही अवस्थामा काम गर्न नसक्ने ठेकेदारको तर्क छ ।

नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले भने ठेकेदार केएचएनपीलाई 'प्रोलोङ्गेसन कस्ट' वापतको रकम दिइसकेको र समय थप्ने विषयमा सञ्चालक समितिमा छलफल भइरहेको जानकारी दिए।

'ठेकेदारको बैंक ग्यारेन्टी राखेर २० लाख ९७ हजार अमेरिकी डलर (करिब २१ करोड रुपैयाँ) थप रकम भुक्तानी भइसकेको छ, सञ्चालक समितिबाट पारित गर्नमात्र बाँकी छ,' उनले नागरिकसँग भने, 'ठेक्का तोड्ने नै भनेर कुनै पत्र आएको छैन तर कोरियन एक्जिम बैंकले केएचएनपीको समस्या छिटो समाधान गर्नू भन्दै पत्राचार गरेको छ ।'

इलेक्ट्रो तथा हाइड्रोमेकानिकल र प्रसारण लाइन निर्माणतर्फको रकम कोरियन एक्जिम बैंकले सहुलियतमा उपलब्ध गराएको हो । सम्झौताभन्दा बढी समयको रकम बैंकले नदिने जानकारी गराएपछि ठेकेदारले उक्त रकम सरकारसँग माग गर्दै आएको थियो ।

सिभिल ठेकेदार चाइना गेजुबा ग्रुप कर्पोरेसन (सिजिजिसी) ले काममा ढिलाइ गरेका कारण इलेक्ट्रो तथा हाइड्रोमेकानिकल उपकरण जडान गर्न नपाएका कारण केएचएनपीले काम छोड्छु भन्दै भेरिएसन दाबी गर्ने मौका हेरिरहेको प्राधिकरणका एक उच्च अधिकारीले बताए । 'बाहिर नआएको मात्र हो, ठेकेदारले ठेक्का तोड्छु भनिसकेको छ,' उनले भने ।

दार्चुलामा बनिरहेको ३० मेगावाटको आयोजनाको चार किलोमिटर सुरुङ २०६८ भदौमा सकिएको थियो तर, ८ सय ४३ मिटर सुरुङ खुम्चिएपछि सिभिल निर्माणमा समस्या देखिएको हो । खुम्चिएको सुरुङ पुनर्निर्माण गर्न १ अर्ब ९ करोड रुपैयाँ अनुमान गरिएको थियो ।

सुरुङ पुनर्निर्माणको रकम भुक्तानीमा भ्रष्टाचार भएको ठहर गर्दै संसदको सार्वजनिक लेखा समितिले भुक्तानी रोक्न ऊर्जा मन्त्रालय र प्राधिकरणलाई निर्देशन दिएको थियो । समितिको निर्देशनपछि खुम्चिएको सुरुङको भुक्तानी मात्र होइन कामसमेत रोकिएको छ ।

सिभिल निर्माणमा देखिएको समस्याले काम गर्न नपाएको केएचएनपीले पटक–पटक आयोजना तथा प्राधिकरणलाई जानकारी गराउँदै आएको थियो । विभिन्न बहानामा आयोजनाको कुल लागतसमेत बढाएकाले दोषीलाई कारबाही गर्न समितिले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई समेत सिफारिस गरेको थियो ।

'बढी समय लागेकाले भेरियसन मागिरहेको अवस्थामा समितिले अप्रत्यक्षरुपमा ठेकेदारलाई नै सहयोग पुग्ने निर्णय गर्नु दुर्भाग्य हो,' आयोजनाका एक अधिकारीले भने, 'आयोजना जति लम्बिँदै जान्छ, त्यति लागत थपिन्छ । भुक्तानी नदिए ठेकेदार अन्तर्राष्ट्रिय अदालत जान्छ ।' अन्तमा प्राधिकरणले भुक्तानी गर्नैपर्ने हुँदा यसमा कसैको ध्यान नगएको उनको भनाइ छ । समितिको निर्देशनले दुवै ठेकेदारले भेरियसन दाबी गर्ने उचित मौका पाएका छन् ।

निर्माणको समस्या फुकाइदिन मन्त्रालयलाई अनुरोध गरे पनि समितिले भुक्तानी नदिनु भनेकै कारण ठेकेदारले खुम्चिएको सुरुङको बाँकी काम रोकेको काफ्लेले बताए । 'अख्तियारले समेत सम्बन्धित निकायबाट उपयुक्त निर्णय लिएर काम गर्नु भनेको छ,' उनले भने, 'तर, समिति बाधक देखिएको छ ।'

भ्रष्टाचार भएको पाइए छानविन गर्न प्राधिकरणले सहयोग गर्ने प्रतिवद्धता जनाउँदै उनले हाललाई आयोजनाको बाधा अड्काउ फुकाइदिन समितिलाई आग्रह गरे । 'खुम्चिएको सुरुङ निर्माण नहुने र अवस्था यही रहने हो भने सिभिल ठेकेदारले पनि ठेक्का तोड्न सक्छ,' उनले भने ।

सुस्त गतिमा काम भए पनि आयोजनास्थलमा काम गर्ने वातावरण नरहेको उनले प्रस्ट्याए । 'आयोजना पूरा भएपछि जो जसलाई कारबाही गर्नुछ गरे हुन्छ तर अहिले काम अगाडि बढाउनु भनेर लिखित निर्देशन आउनुपयो,' उनले भने । समितिले समस्या नफुकाइदिने हो भने आयोजना कहिले पूरा हुन्छ भन्न नसकिने उनले बताए ।

पछिल्लो संशोधित समयतालिका अनुसार सन् २०१६ को मार्चमा आयोजना पूरा गर्ने लक्ष्य छ । सिभिल ठेकेदारले ५÷६ महिनामा काम सक्ने अवस्था देखिए केएचएनपीले उक्त मितिसम्म सबै उपकरण जडान गरिसक्ने प्राधिकरण उत्पादन निर्देशनालयका उप–कार्यकारी निर्देशक शेरसिंह भाटले बताए ।

निर्माण रोकिएपछि आयोजनाले ठेकेदारलाई रकमसमेत भुक्तानी गरेको छैन । तर, खुम्चिएको सुरुङको बाहेक अन्य निर्माणको भुक्तानी नरोकिएको आयोजना प्रमुख राजेन्द्र मानन्धरले बताए । ठेक्का

तोड्नेबारे आधिकारिक जानकारी नआएको पनि उनले बताए । 'केएचएनपीले काम गर्न नपाए ठेक्का तोड्ने कुरा सुनेको हो तर यसबारे विस्तृत कुरा थाह छैन,' उनले भने ।

आयोजनाको निर्माण हालसम्म ९५ प्रतिशत पूरा भए पनि खुम्चिएको सुरुङको अब २ सय ४३ मिटर पुनर्निर्माण गर्न बाँकी छ । आयोजनाको निर्माण पूरा हुन लाग्दा अनेक बाहनामा भुक्तानी रोकेर विकास निर्माणमै अवरोध गरेको ऊर्जा मन्त्रालयका एक अधिकारी बताउँछन् ।

सन् २००६ डिसेम्बर २१ मा आयोजना निर्माण सुरु हुँदा ८ अर्ब ४९ करोड ५५ लाख रुपैयाँ तोकिएको लागत करिब साढे १५ अर्ब रुपैयाँ नाघिसकेको छ । हालसम्म साढे १३ अर्ब रुपैयाँ खर्च भइसकेको मानन्धरले जानकारी दिए । यही अवस्थामा आयोजना सन् २०१६ सम्म पनि पूरा नहुने प्राधिकरण अधिकारीको दाबी छ ।

आयोजना सन् २०११ मै निर्माण पूरा गर्ने लक्ष्य राखिएको थियो । अहिलेसम्म चार वर्षभन्दा बढी समय लम्बिइसकेको छ । समय लम्बिँदा अमेरिकी डलरमा आएको उतारचढावलाई पनि प्रतिवेदनले लागत बढ्नुको कारण मानेको छ । जलविद्युत विकासमा क्षेत्रीय सन्तुलन कायम गर्ने नाममा आयोजनामा आर्थिक र नीतिगत भ्रष्टाचार भएको समितिको निष्कर्ष थियो ।

इलेक्ट्रो मेकानिकल र हाइड्रो मेकानिकल उपकरणको सुरुको लागत १ अर्ब ९७ करोड रुपैयाँ अनुमान गरिएकोमा हालसम्म ५० करोड ९१ लाख रुपैयाँ थपिएको छ । थप रकममध्ये २१ करोड ८८ लाख भुक्तानी भइसकेको छ । बाँकी रकम भुक्तानी नदिएकैले ठेकेदारले ठेक्का तोड्ने चेतावनी दिएको हो ।

श्रोतः कारोवार, २०७१/१२/३०

## पश्चिम सेती आयोजनाको बाटो खुल्यो

लगानी बोर्डले पश्चिम सेती जलविद्युत् आयोजनालाई अगाडि बढाउन स्वीकृति प्राप्त गरेको छ । बोर्डको आज सिंहदबारमा बसेको बैठकले बहुप्रतिक्षित सो आयोजनाको प्रारम्भिक काम सुरु गर्न प्रवद्र्धक चिनियाँ कम्पनी ‘थ्री गर्जेज’लाई बाटो खोलिदिएको हो ।

यस्तै सो आयोजनाका लागि आवश्यक पर्ने वैदेशिक लगानीका लागि बाटो समेत खुलेको छ । चिनियाँ कम्पनीले अब आयोजना अगाडि बढाउनका लागि कम्पनी दर्ता गर्ने प्रक्रिया समेत सुरु गर्न सक्नेछ ।

पश्चिम सेती जलविद्युत् आयोजनाले बैतडी, बाजुरा, डडेल्धुरा र डोटीको भू–भागलाई प्रभावित पार्नेछ । “स्थानीयस्तरमा ड्रिलिङलगायतका काम सुरु गर्न सहमति प्रदान गरिएको छ” बैठकपछि लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत राधेश पन्तले जानकारी दिए ।

सो आयोजनामा चिनियाँ थ्री गर्जेजले कुल लगानीको ७५ प्रतिशत र नेपाल विद्युत् प्राधिकरणले २५ प्रतिशत लगानी गर्ने छ । अघिल्लो महिना थ्री गर्जेजको अध्यक्षसहितको प्रतिनिधिमण्डलले नेपालको भ्रमण गरी पुनःस्थापना, पुनर्वास, प्रसारण लाइनको निर्माण तथा स्थानीय क्षेत्रमा रहेका समस्या समाधान गर्न सरकारसँग माग गरेको थियो । आयोजनामा रु एक खर्ब ५० अर्ब लगानी हुनेछ ।

कुल ७५० मेगावाट क्षमताको सो आयोजना २० वर्ष अगाडि नै निमार्णका लागि अस्टे«लियन कम्पनीलाई जिम्मा दिइएको थियो । अस्टे«लियन कम्पनी ‘स्नोइ इन्जिनियरिङ माउन्टेन कम्पनी’ ९स्मेक०ले प्रभावकारी काम गर्न नसकेको भन्दै सरकारले तीन वर्ष पहिले सो कम्पनीसँग रहेको अनुमतिपत्र खारेज गरी चिनियाँ थ्री गर्जेजलाई दिएको थियो ।

श्रोतः  कारोवार,  २०७१/१२/३०

## पीटीए र पीडीएले ऊर्जामा आशा

भारतसँग विद्युत् व्यापार सम्झौता (पीटीए) र विदेशी प्रवद्र्धकसँग भएको आयोजना विकास सम्झौता (पीडीए) ले वि.सं. २०७१ मा ऊर्जा क्षेत्रको विकासमा आशा जगाएको छ ।
यी २ महŒवपूर्ण सम्झौताले देशको ऊर्जा विकासका लागि बाटो खुला भयो । यसबाट ऊर्जाक्षेत्रमा स्वदेशीका अतिरिक्त विदेशी लगानीसमेत बढ्ने अपेक्षा गरिएको छ । प्रवद्र्धकहरूले नेपाली बजारलाई मात्र हेर्नुपर्ने प्रवृत्तिको अन्त्य भएको छ । सरकारले सार्वजनिक गरेको प्रगति विवरणमा पीटीए र पीडीएलाई महŒवपूर्ण उपलब्धि मानेको छ । लामो प्रतीक्षा र प्रयत्नपछि गत कात्तिक ४ गते २ देशबीच पीटीए सम्झौतामा हस्ताक्षर भएको थियो । पीटीएमा हस्ताक्षर भएपछि विद्युत् व्यापार खुला भएको छ । यो सम्झौताले नेपालले बढी भएको बिजुली निकासी र अभाव भएका बेला भारतबाट बिजुली आयात गर्न सक्नेछ । यस्तै स्वदेशी तथा विदेशी प्रवद्र्धकले बिनाभेदभाव अवरोध भारतलगायत तेस्रो मुलुकमा विद्युत् व्यापार गर्न सक्नेछन् । सन् १९९७ देखि नेपालले भारतसँग पीटीएको प्रस्ताव गरेको थियो । पीटीए सम्झौता २५ वर्षका लागि हुनेछ । त्यसपछि प्रत्येक १० वर्षमा सम्झौता स्वतः नवीकरण हुने सम्झौतमा उल्लेख छ । बजारको खोजी गरिरहेका स्वदेशी तथा विदेशी लगानीकर्ताले सहज रूपमा भारतमा बिनाभेदभाव बिजुलीको व्यापार गर्न सक्नेछन् । नेपालको तत्कालीन लोडसेडिङ हटाउन यो सम्झौताले सहयोग गर्ने अपेक्षा गरिएको छ । दुवै देशलाई स्वीकार्य हुने गरी विभेदरहित ऊर्जाक्षेत्रको विकासका साथै निजी सार्वजनिक निकायले प्रसारणलाइन जडान, विद्युत् आदनप्रदान, व्यापार गर्न पाउनेछन् । यस्तै नेपालबाट भारत हुँदै बंगलादेश र पाकिस्तानमा विद्युत् व्यापारलाई बाटो खुला भएको छ ।
विद्युत् व्यापारलाई सहज बनाउन दुवै मुलुकका अधिकारी भन्सार, शुल्क, करलगायत अन्य भन्सार अवरोध हटेको छ । सम्झौताअनुसार लगानीकर्ता, खरिदकर्ता र व्यापारीले बिनाभेदभाव अन्तरदेशीय प्रसारणलाइनको प्रयोग र विद्युत् उत्पादन र व्यापारको लाइसेन्समा सहभागी हुन पाउनेछन् ।
०७१ सालमा पीटीए भए पनि आगामी वर्ष २०७२ मा यसको कसरी कार्यान्वयन हुनेछ, हेर्न बाँकी छ । २ देशबीच पीटीए भए पनि कर्मचारी अवरोध र ढिलासुस्तीले कार्यान्वयनमा जटिलता छ ।
यस्तै ऊर्जाक्षेत्रमा भएको अर्को महŒवपूर्ण काम पीडीए पनि हो । यो वर्ष नै लगानी बोर्ड नेपालले भारतको जीएमआर इनर्जी लिमिटेड र सतलज जलविद्युत् निगम लिमिटेडसँग ९÷९ सय मेगावाटको माथिल्लो कर्णाली र अरुण तेस्रो जलविद्युत् आयोजना विकासका लागि पीडीए सम्पन्न गरेको छ । आगामी २ वर्षभित्र निर्माणपूर्वका सम्पूर्ण काम सकेर निर्माणमा जाने प्रतिबद्धता जीएमआर र सतलजले जनाएका छन् । २ आयोजनासँग भएको पीडीएले अन्य आयोजनासँग पीडीए गर्न एउटा आधार तयार गरेको छ ।

लगानी बोर्डले ६०० मेगावाटको माथिल्लो मर्स्याङ्दी–२, ६५० मेगावाटको तामाकोसी तेस्रो आयोजनाका अतिरिक्त ७५० मेगावाटको पश्चिमसेतीलगायत निजी क्षेत्रबाट बन्ने तयारीमा रहेका अन्य आयोजनाका प्रवद्र्धकसँग पीडीएको तयारी भइरहेको छ ।
भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले गत साउनको तेस्रो साता गरेको नेपाल भ्रमणका अवसरमा जलविद्युत्लगायत अन्य पूर्वाधार विकासका लागि १ खर्ब रुपैयाँ सहुलियत ऋण घोषणा गरेका थिए । यो रकम सरकारले १ हजार २०० मेगावाटको बूढीगण्डकी जलाशययुक्त आयोजनामा लगानी गर्ने भएको छ । यस्तै भारतले अल्पकालीन लोडसेडिङ हटाउन नेपाललाई दिँदै आएको बिजुलीलाई दोब्बर बनाएको छ ।

**लोडसेडिङ ११ घण्टामा सीमित, भारतसँगको निर्भरता बढ्यो**
देशमा मागअनुसार पर्याप्त रूपमा बिजुली उत्पादन हुन नसकेर चर्को लोडसेडिङ हुने अवस्था आएपछि नेपाल विद्युत् प्राधिकरणले यो वर्ष भारतबाट २५० मेगावाटसम्म बिजुली आयात गरेको छ । अघिल्लो वर्ष २०० मेगावाट आयात गरेकोमा यो वर्ष बढेको छ । अल्पकालीन रूपमा लोडसेडिङ हटाउनका लागि आयात गरिएको भनिए पनि ऊर्जामा बर्सेनि भारतसँगको निर्भरता बढेको छ । भारतसँग बिजुली खरिद गर्दा भइरहेको नोक्सानले विद्युत् प्राधिकरणको आर्थिक स्वास्थ्यमा भने असर पारेको छ ।

**तनहुँमा विवाद**
यो वर्ष तनहुँ जलविद्युत् आयोजनाको सुपरिवेक्षणका लागि परामर्शदाता नियुक्तिको विषयले चर्चा पाएको थियो । सरकारले एकाएक छनोट भइरशेको प्रक्रिया रद्द गरेपछि यसको विवाद चुलिएको थियो । ऊर्जा मन्त्रालयले एसियाली विकास बैंक (एडीबी) ले छनोट गरेको जर्मनको ल्याहमेयर इन्टरनेसनललाई नियुक्त गर्ने निर्णय गरेको थियो ।

श्रोतः आर्थिक दैनिक, २०७१/१२/३०

# पश्चिम सेती जलविद्युत् आयोजनामा लगानीको बाटो खुल्यो

**आर्थिक संवाददाता** ,
**काठमाडौं, चैत ३०** ,

लगानी बोर्डले सात सय ५० मेगावाट क्षमताको पश्चिम सेती जलविद्युत् आयोजनाको विकासको लागि चिनियाँ कम्पनी सीडब्ल्यूई इनभेष्टमेन्ट कर्पोरेसनको वैदेशिक लगानी स्वीकृत गरेको छ । बोर्डका अध्यक्ष प्रधानमन्त्री सुशील कोइरालाको अध्यक्षतामा सोमबार बसेको बैठकले वैदेशिक लगानी स्वीकृत गर्ने निर्णय गरेको बोर्डद्वारा जारी विज्ञप्तिमा जनाइएको छ । वैदेशिक लगानी स्वीकृत भएपछि अब उक्त जलविद्युत् आयोजनामा लगानीको बाटो खुलेको छ । बोर्ड बैठकमा प्रधानमन्त्री कोइरालाले देशमा ठूलो लगानीमा विकास गरिने आयोजनाहरुका लागि जतिसक्दो बढी वैदेशिक लगानी भित्र्याउने र नेपालमा उपलब्ध हुने रकम नेपाली लगानीमा विकास गरिने आयोजनाको विकासको लागि लगाउनुपर्ने बताएका थिए ।

उक्त आयोजनालाई अगाडि बढाउन बैठकले चिनियाँ सीडब्ल्यूई इन्भेष्टमेन्ट कर्पोरेसन र नेपाल विद्युत् प्राधिकरणको स्वामित्व रहने गरी नेपालमा संयुक्त लगानीको कम्पनी स्थापना गर्न निर्देशन दिने निर्णय पनि गरेको छ । उक्त कम्पनीलाई आउँदो वर्षायाम सुरु हुनुअगावै आयोजनास्थलमा भौगर्भिक आदिको अध्ययन गर्ने अनुमति दिने निर्णय पनि गरेको छ । त्यस्तै, बैठकले लगानी बोर्डअन्तर्गत कार्यान्वयन हुने जलविद्युत् आयोजनाको परियोजना विकास सम्झौता (पीडीए)बापत प्रतिमेगावाट एक हजार पाँच सय अमेरिकी डलर शुल्क लिने निर्णय गर्नुको साथै पीडीए वार्ता गर्न बोर्डका कार्यकारी प्रमुखको संयोजकत्वमा वार्ता टोली गठन गर्ने निर्णय गरेको छ । उक्त वार्ता टोलीमा अर्थ मन्त्रालय, ऊर्जा मन्त्रालय, कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयका सहसचिवहरु, विद्युत् विकास विभागका महानिर्देशक तथा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक सदस्य रहनेछन् । जलविद्युत्बाहेकका अन्य आयोजनाबारे वार्ता गर्न उक्त टोलीमा सम्बन्धित मन्त्रालयका सहसचिव र विभागका महानिर्देशक गरी दुई जना सदस्य थप हुने निर्णय पनि गरेको छ । बैठकले तामाकोशी तेस्रो जलविद्युत् आयोजनाको परियोजना वार्ता सम्झौता (पीएनए)को समयावधि संशोधन गरी त्यसमा हस्ताक्षर गर्ने अख्तियारी बोर्डका

कार्यकारी प्रमुखलाई दिने निर्णय गरेको छ ।

**राधेश पन्तको कार्यसम्पादन मूल्यांकन गर्ने समिति**

लगानी बोर्डको १७औं बैठकले बोर्डका प्रमुख कार्यकारी अधिकृत राधेश पन्तको कार्यसम्पादन मूल्यांकन गर्ने समिति गठन गरेको छ । प्रधानमन्त्री सुशील कोइरालाको अध्यक्षमा सोमबार बसेको बोर्ड बैठकले अर्थमन्त्री डा. रामशरण महतको संयोजकत्वमा मूल्यांकन समिति गठन गरेको हो । अर्थमन्त्री संयोजक रहेको उक्त समितिमा राष्ट्रिय योजना अयाोगका उपाध्यक्ष प्राडा गोविन्दराज पोखरेल र पूर्वसचिव विमल वाग्ले सदस्य छन् ।

**विमानस्थल सुधार्ने प्रयास**

प्रधानमन्त्री सुशील कोइरालाको अध्यक्षतामा सोमबार बसेको लगानी बोर्ड बैठकले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुधार गर्न उच्चस्तरीय समन्वय तथा सहजीकरण समिति गठन गर्ने निर्णय गरेको छ । बैठकले त्यस्तो समिति संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रीको संयोजकत्वमा गठन गर्ने निर्णय गरेको हो । लगानी बोर्डका अनुसार समितिको सदस्यहरुमा अर्थ र कानुन मन्त्रालयका सचिवहरु, लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत, नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक तथा लगानी बोर्डको कार्यालयका सहसचिव सदस्य रहनेछन् ।

श्रोतः अभियान, २०७१/१२/३०

# पश्चिम सेती आयोजना अगाडि बढाउने बाटो खुल्यो

लगानी बोर्डले पश्चिम सेती जलविद्युत् आयोजनालाई अगाडि बढाउन स्वीकृति प्राप्त गरेको छ । बोर्डको सोमवार सिंहदबारमा बसेको बैठकले बहुप्रतिक्षित सो आयोजनाको प्रारम्भिक काम शुरु गर्न प्रवद्र्धक चिनियाँ कम्पनी 'थ्री गर्जेज'लाई बाटो खोलिदिएको हो ।

यस्तै सो आयोजनाका लागि आवश्यक पर्ने वैदेशिक लगानीका लागि बाटो समेत खुलेको छ । चिनियाँ कम्पनीले अब आयोजना अगाडि बढाउनका लागि कम्पनी दर्ता गर्ने प्रक्रिया समेत शुरु गर्न सक्नेछ ।

पश्चिम सेती जलविद्युत् आयोजनाले बैतडी, बाजुरा, डडेल्धुरा र डोटीको भू–भागलाई प्रभावित पार्नेछ । "स्थानीयस्तरमा ड्रिलिङलगायतका काम शुरु गर्न सहमति प्रदान गरिएको छ" बैठकपछि लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत राधेश पन्तले जानकारी दिए।

सो आयोजनामा चिनियाँ थ्री गर्जेजले कुल लगानीको ७५ प्रतिशत र नेपाल विद्युत् प्राधिकरणले २५ प्रतिशत लगानी गर्ने छ । अघिल्लो महिना थ्री गर्जेजको अध्यक्षसहितको प्रतिनिधिमण्डलले नेपालको भ्रमण गरी पुनःस्थापना, पुनर्वास, प्रसारण लाइनको निर्माण तथा स्थानीय क्षेत्रमा रहेका समस्या समाधान गर्न सरकारसँग माग गरेको थियो । आयोजनामा रू.एक खर्ब ५० अर्ब लगानी हुनेछ ।

कुल ७ सय ५० मेगावाट क्षमताको सो आयोजना २० वर्ष अगाडि नै निमार्णका लागि अस्टे«लियन कम्पनीलाई जिम्मा दिइएको थियो । अस्टे«लियन कम्पनी 'स्नोइ इन्जिनियरिङ माउन्टेन कम्पनी' (स्मेक) ले प्रभावकारी काम गर्न नसकेको भन्दै सरकारले तीन वर्ष पहिले सो कम्पनीसँग रहेको अनुमतिपत्र खारेज गरी चिनियाँ थ्री गर्जेजलाई दिएको थियो ।

यस्तै बोर्डको बैठकले 'एसएन पावर'ले अगाडि बढाउन लागेको तामाकोशी तेस्रो परियोजना विकास सम्झौता (पिडिए) को प्रक्रिया शुरु गर्ने बाटोसमेत खोलिदिएको छ । दोलखामा आयोजनास्थल रहेको सो परियोजनाको कुल क्षमता ६ सय ५० मेगावाट रहेको छ । सो आयोजनाको निकट भविष्यमा पीडिए गरिने प्रमुख कार्यकारी अधिकृत पन्तले जानकारी दिए ।

यस्तै त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थल र निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको काम समेत एक आपसमा समन्वय गरेर अगाडि बढाउने निर्णय गरेको छ । त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलमा हाल एसियाली विकास बैङ्कको आर्थिक सहयोगमा सुधारको काम अगाडि बढिरहेको छ ।

विमानस्थलमा उपलब्ध सेवा तथा सुविधालाई प्रभावकारी बनाउने र क्षमता अभिवृद्धि गर्ने तथा निजगढ विमानस्थलको काम तत्काल अगाडि बढाउनका लागि मार्ग प्रशस्त भएको प्रमुख कार्यकारी अधिकृत पन्तको भनाइ छ ।

निजगढ विमानस्थलका लागि सरकारले चालु आर्थिक वर्षमा रू. ५० करोड बजेट विनियोजन गरेको छ । केही समय पहिले मात्रै सरकारले विमानस्थलको चार किल्ला कायम गरेको छ ।

यस्तै बोर्डको सोमवारको बैठकले परियोजना विकास सम्झौता अगाडि बढाउँदा प्रवद्र्धकसँग प्रतिमेगावाट एक हजार ५ सय अमेरिकी डलर शुल्क लिने निर्णय गरेको छ । सो शुल्क लिदा आयोजनामा अपनत्व महसुस हुने र काम गर्न सजिलो हुने तथा काम गर्न सक्ने कम्पनी आउने विश्वास लिइएको छ ।

यस्तै बोर्डका कार्यकारी अधिकृत पन्तको संयोजकत्वमा अर्थ, ऊर्जा, वन, नेपाल विद्युत् प्राधिकरणका प्रमुख रहेको समन्वय समिति समेत गठन गरिने भएको छ । सो समितिले आयोजनामा देखिएको समस्या समाधान गर्न मद्दत पुग्ने छ । बैठकमा काठमाडौँ तराई द्रुतमार्गको विषयमा छलफल भए पनि कुनै निर्णय नभएको पन्तले जानकारी दिए ।

लामो समयपछि बसेको बोर्डको बैठकले दुरगामी प्रभाव पार्ने र मुलुकको विकास निर्माणको कामलाई प्रभावकारी रुपमा अगाडि बढाउने निर्णय गरेको पन्तको भनाइ छ । रासस

श्रोतः नागरिक, २०७२/१/१

## पश्चिमसेतीमा डेढ खर्ब वैदेशिक लगानी स्वीकृत

साढे ७ सय मेगावाटको पश्चिमसेती जलाशय आयोजनाका लागि डेढ खर्ब रुपैयाँबराबरको वैदेशिक लगानी स्वीकृत भएको छ। लगानी बोर्डको सोमबार बसेको बैठकले चीनको थ्री गर्जेजको सहायक कम्पनी सिडब्लुइ इन्भेस्टमेन्ट कर्पोरेसनले प्रस्ताव गरेको वैदेशिक लगानी स्वीकृत गर्ने निर्णय गरेको हो। वैदेशिक लगानी स्वीकृति निर्णयसँगै आयोजना निर्माणका लागि छुट्टै कम्पनी खोल्ने बाटो खुलेको छ। २०६९ मा सम्झौता हुँदा आयोजना निर्माण गर्ने कम्पनीमा सिडब्लुइको ७५ र प्राधिकरणको २५ प्रतिशत लगानी रहने उल्लेख थियो।

बोर्डले प्राधिकरण र चिनियाँ कम्पनीको स्वामित्व रहने गरी नेपालमा संयुक्त कम्पनी स्थापना गर्न निर्देशनसमेत दिएको छ। कम्पनी स्थापना गरी बर्खाअघि नै आयोजनास्थलमा भौगर्भिक लगायत अध्ययन गर्ने अनुमति दिने निर्णय पनि गरेको छ।

मुलुकमा ठूलो लगानीमा विकास गरिने आयोजनाका लागि जतिसक्दो बढी वैदेशिक लगानी भिœयाउनुपर्ने बोर्ड अध्यक्षसमेत रहेका प्रधानमन्त्री सुशील कोइरालालाई उद्धृत गर्दै विज्ञप्तिमा जनाइएको छ।

'देशमा उपलब्ध हुने रकम जलविद्युत आयोजना तथा ठूला आयोजनामा लगानी गर्नुपर्छ,' विज्ञप्तिमा छ, 'विदेशी लगानीमा बन्ने आयोजनाले नेपाली बैंकबाट ऋण लिनेदिने सम्बन्धमा अर्थ मन्त्रालयले निश्चित मापदण्ड बनाउनुपर्छ।'

ऊर्जा मन्त्रालयले यसअघि वैदेशिक लगानी स्वीकृत गर्न र कम्पनी खोल्न नहुने तर्क राख्दै आएको थियो। मन्त्रालयले उठाएका विषयमा सहमति भएकाले वैदेशिक लगानी स्वीकृतिको निर्णय भएको ऊर्जा सचिव राजेन्द्रकिशोर क्षेत्रीले बताए।

'प्रसारण लाइन बनाउन स्पष्ट मापदण्ड तयार पर्नुपर्ने तथा प्राधिकरण र चिनियाँ कम्पनीबीच सम्झौतामा संशोधन हुने भएको छ,' उनले भने, 'आयोजनाका लागि छुट्टै कम्पनी स्थापना गरेर काम अगाडि बढाउने पनि सहमति भएको छ।'

बोर्डका प्रमुख कार्यकारी अधिकृत राधेश पन्तले वैदेशिक लगानी स्वीकृतको निर्णयपछि आयोजना निर्माणको बाटो खुलेको बताए। 'चिनियाँ कम्पनीले बर्खाअघि वातावरणीय र भौगोलिक अध्ययन पूरा गर्छ,' उनले भने, 'बर्खापछि उसको अध्ययन विश्लेषण र आयोजना विकास सम्झौता (पिडिए) वार्ता सुरु हुनेछ।'

लगानी खोज्ने नाममा १७ वर्ष अस्ट्रेलियाको स्नोइ माउन्टेन इन्जिनियरिङ कर्पोरेसन (स्मेक) ले ओगटेको लाइसेन्स २०६८ सालमा सरकारले खारेज गरेको थियो। खारेज हुनासाथ सरकारको बास्केटमा आएको आयोजना प्रतिस्पर्धाबाट दिनुपर्नेमा सरकारले हचुवामा सिडब्लुइलाई दिएको ऊर्जा सचिव क्षेत्रीले बताउँदै आएका छन्।

कम्पनीसँग समझदारी हुँदा आयोजना सन् २०२० भित्र निर्माण पूरा गर्ने लक्ष्य राखिएको थियो। उत्पादित बिजुली देशमै खपत गर्ने योजनासाथ कम्पनीसँग समझदारी गरिए पनि यति ठूलो परिमाणको बिजुली प्राधिकरणले किन्न नसक्ने बताउँदै आएको छ।

आयोजना पूर्वऊर्जा मन्त्री गोकर्ण विष्टको कार्यकालमा खारेज गरी विद्युत ऐन, २०४९ को दफा ३५ अनुसार चिनियाँ कम्पनीलाई दिइएको थियो। थ्री गर्जेज चीनमा साढे २२ हजार मेगावाट बिजुली उत्पादन गरेको कम्पनी भएकाले यही विश्वसनियताका आधारमा सरकारले उसको सहायक कम्पनीलाई दिएको थियो।

सिडब्लुइसँग २०६९ मा भएको समझदारीमा आयोजनाको कुल लागतको १० प्रतिशत सेयर स्थानीयलाई छुट्ट्याउनुपर्ने उल्लेख छ। सुदूरपश्चिम क्षेत्रको विद्युतीकरणका लागि १ सय ५० मेगावाट बिजुली उपलब्ध गराउन कम्पनी सहमत भएको थियो।

स्मेकसँग सम्झौता हुँदा करिब १ खर्ब लागत अनुमान गरिए पनि अहिले करिब १ खर्ब ८० अर्ब रुपिया“ (२ अर्ब अमेरिकी डलर) कायम गरी २०२१ सम्म निर्माण सम्पन्न गर्ने लक्ष्य भए पनि लगानी बोर्ड, समिति र मन्त्रालयको धारणा बाझिएपछि आयोजना निर्माण अनिश्चित बनेको छ।

बोर्डअन्तर्गत कार्यान्वयन हुने आयोजनाको पिडिए वार्ता शुल्कवापत प्रतिमेगावाट १ हजार ५ सय अमेरिकी डलर शुल्क लिने निर्णयसमेत गरेको छ। साथै पिडिए वार्ता गर्न बोर्डका प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा अर्थ, ऊर्जा, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयका सह–सचिव, विद्युत विकास विभागका महानिर्देशक र प्राधिकरणका कार्यकारी सम्मिलित सात सदस्यीय टोली गठन गर्ने निर्णय गरेको छ।

श्रोतः अभियान, २०७२/१/१

# तामाकोशी जलविद्युत्मा समावेशी पूँजीवाद

**राजन फुयाल**

माथिल्लो तामाकोशी हाइड्रोपावर लिमिटेडले प्रभावित क्षेत्रका बासिन्दाका लागि छुट्ट्याएको शेयर हाललाई विक्री नगरिने भएको छ । विक्री खुलापछि बाँकी शेयर प्रभावित बासिन्दालाई विक्री गर्ने योजना विभिन्नखाले विवाद भएपश्चात् रोकिएको हो । यसअघि १ अर्ब ५८ करोड ८५ लाख रुपैयाँको साधारण शेयर सर्वसाधारणलाई निष्कासन गर्ने तयारी गरिएको थियो । लिमिटेडले गत फागुनमा विभिन्न संरक्षित समूहलाई ३ अर्ब ६० करोड ६ लाख रुपैयाँको साधारण शेयर निष्कासन गरेको थियो । सर्वसाधारणलाई समेत शेयर वितरणबाट कम्पनीले कुल ५ अर्ब १८ करोड ९१ लाख रुपैयाँ सङ्कलन गर्नेेछ ।

यसअघि प्रभावित क्षेत्रका बासिन्दा र सर्वसाधारणलाई छुट्ट्याइएको बाहेक रू.२ अर्ब ५४ करोड रुपैयाँको साधारण शेयरका लागि दरखास्त सङ्कलन चैत १५ गते समाप्त भइसकेको छ । कम्पनीको शेयर पूँजीमध्ये ३४ प्रतिशत शेयर करीब ७ लाख आयोजना प्रभावित क्षेत्रका बासिन्दा, कर्मचारी सञ्चय कोषका सञ्चयकर्ता, ऋणप्रदायक संस्थाका कर्मचारी, कम्पनी तथा नेपाल विद्युत् प्राधिकरण (नेविप्रा)का कर्मचारीहरूलाई सुरक्षित गरिएको छ । यो नेपालको वित्तीय बजारको इतिहासमा सबैभन्दा ठूलो सार्वजनिक निष्कासन मात्र नभई सबैभन्दा बढी लगानीकर्तालाई शेयर सुरक्षण गरेको सार्वजनिक निष्कासन पनि हो ।

कम्पनीले आयोजना व्यवस्थापनका लागि अन्तरराष्ट्रिय प्रतिस्पर्धामार्फत व्यवस्थापन समूह र प्रमुख कार्यकारी अधिकृत छनोट गर्ने भनेको थियो । तर, अहिले आयोजनाको व्यवस्थापन नेपाल विद्युत् प्राधिकरणका व्यवस्थापकले गरिरहेका छन् । यसअघि यस्ता ठूला आयोजना सञ्चालन हुन सकेका थिएनन् । अहिले स्थानीय स्रोतबाटै यति ठूलो आयोजना कार्यान्वयन भइरहेको छ, जसमा करीब ४४ अर्ब ३९ करोड (शेयर १० अर्ब ५९ करोड, संस्थागत ऋण २० अर्ब, २ अर्ब डिवेञ्चर, नेपाल सरकारको ऋण ११ अर्ब ८ करोड) रुपैयाँ परिचालन गरिएको छ । यस बाट ४ सय ५६ मेगावाट क्षमताको विद्युत् उत्पादन हुँदै छ । यसको कारण समावेशी चरित्रको पूँजी संरचना कायम हुनु हो ।

निर्माणाधीन आयोजनाबाट वार्षिक २ हजार २ सय ८१ गिगावाट घण्टा ऊर्जा उपलब्ध हुने उल्लेख छ । जबकि आव २०७०।०७१ मा नेविप्राको आफ्नै विद्युत् गृहबाट २ हजार २ सय ९१ गिगावाट घण्टा ऊर्जा उपलब्ध भएको थियो । यसरी हेर्दा तामाकोशीको निर्माणले मुलुकको ऊर्जासङ्कटमा ठूलो राहत प्रदान गर्ने छ । उत्पादनपछि आयोजनाले विद्युत् खरीद दर ४ रुपैयाँ ६ पैसा प्रतियुनिट हुने गरी पीपीए गरेको छ ।

यसबाट कम्पनीको वार्षिक विद्युत् विक्री आय रू. ९ अर्ब २६ करोड हुनेछ ।

विद्युत् खरीद सम्झौतामा व्यावसायिक उत्पादन शुरू भएको ९ वर्षसम्म ३ प्रतिशतले वृद्धि पाउने व्यवस्था, रोल्वालिङ खोलाको पानी ल्याएर थप विद्युत् उत्पादनको योजना र हाल निर्माण भइरहेको आयोजना स्थलभन्दा माथि करीब ४५ मेगावाट क्षमताको अर्को आयोजना सञ्चालन गर्न पाउने अनुमतिका लागि आवेदन भएकाले योजनाअनुरूप काम अगाडि बढ्दा कम्पनीको विद्युत् विक्री आय अझै थप हुने स्पष्ट छ ।

नेपालमा जलविद्युत् आयोजनाहरूको प्रतिमेगावाट उत्पादन लागत रू. १५ करोड भनिएको छ । तर, तामाकोशी आयोजना प्रतिमेगावाट ९ करोडमा नै बन्ने आधार तय भएको छ । यसरी हेर्दा माथिल्लो तामाकोशीको शेयर लगानीकर्ताहरूका माझ आकर्षक लगानीका रूपमा देखिन्छ । कम्पनीले व्यावसायिक उत्पादन शुरू गर्ने वर्षमा नै आफ्ना शेयरधनीहरूलाई लाभांश बाँड्ने बताएको छ । त्यसैले तामाकोशीको बढीभन्दा बढी शेयरका लागि सम्बध पक्षहरूमा ठूलै रस्साकस्की भइरहेको हो । बढी शेयरका लागि सर्वोच्च अदालतमा अनेकौं समूहबाट दायर गरिएका अनेकौं मद्दा विचाराधीन छन् ।

समावेशी मोडलको व्यवस्थापन आज चुनौतीको पहाडका रूपमा खडा भएको छ । तामाकोशी शेयरसँग जोडिएका विवादहरू ऋणप्रदायक संस्था शेयरधनी बन्न सक्ने वा नसक्ने ? यदि ऋणप्रदायक संस्था शेयरधनी बन्न सक्ने भए उसको आर्थिक स्वार्थले कम्पनीलाई नकारात्मक असर नपार्ने प्रबन्ध मिलाउनुपर्छ । ऋणप्रदायक संस्थाका कर्मचारीलाई ऋण प्रवाह गरिएको कम्पनीमा शेयर हक हुन सक्ने वा नसक्ने ? सक्ने भए सोको सीमा, कर्मचारी शेयर योजना (ईएसओपी)को थप स्पष्टोक्ति के हुने ? एकभन्दा बढी प्रवर्धक रहने अवस्था भए मुख्य प्रवर्धक र अन्यको हक, अधिकार, प्रवर्धक संस्थाका कर्मचारी पनि प्रवर्धक हुन सक्ने वा नसक्ने ? ठेकेदार तथा निजका मजदूरहरूको शेयर माथि दाबा हुन सक्ने वा नसक्ने ? आयोजनामा काम गर्ने मजदूरले शेयर दाबी गर्दै आयोजनाको काम नै बन्द गर्दा कस्तो व्यवस्था हुने तथा यस्ता विवादहरूको प्राथमिक सुनुवाइ हुने न्यायाधिकरणको समेत स्पष्ट व्यवस्था चाहिएको छ ।

कम्पनीको पूँजी संरचना प्रबन्धपत्रमा माथिल्लो तामाकोशी हाइड्रोपावर लि कम्पनी कानूनबमोजिम गठित पब्लिक लि कम्पनी हो भन्ने उल्लेख छ । प्रचलित कानूनले जलविद्युत् उत्पादन गर्ने कम्पनीमा संस्थापकको अंश कम्तीमा ५१ प्रतिशत हुने व्यवस्था गरेकोे छ । त्यसअनुरूप तामाकोशीको साधारण शेयर ४९ प्रतिशत हुनेछ । सो अङ्कको शेयरलाई विभिन्न समूहमा छुट्ट्याइएको छ । धितोपत्रसम्बन्धी प्रचलित कानूनले प्राकृतिक स्रोत र साधनलाई कच्चा पदार्थका रूपमा प्रयोग गर्ने उद्योगहरूले पूँजीको कम्तीमा १० प्रतिशत शेयर उद्योग प्रभावित क्षेत्रका बासिन्दालाई र कम्तीमा १५ प्रतिशत सर्वसाधारणलाई शेयर सुरक्षण गर्नुपर्र्नेे कानूनी आधार बनाएको छ ।

कानूनी आधारमा तामाकोशी कम्पनीले आफ्नो पूँजीमध्ये प्रभावित क्षेत्रका बासिन्दालाई १० प्रतिशत शेयर सुरक्षित गरेको छ । तर, स्थानीयहरू र शेयर वितरणमा संलग्न नगरिएका ठेकेदारतर्फका मजदूरहरूले आपूmलाई तोकिएको सो अंश बढाउनुपर्ने भन्दै आन्दोलनमा छन् । यस्ता समस्याले तामाकोशी आयोजनालाई करोडौं रुपैयाँको क्षति पुगेको छ । पूँजीगत खर्च हुन नसकेको, ठूला परियोजना आफ्नै स्रोतमा अहिलेसम्म निर्माण नगरिएको सन्दर्भमा तामाकोशी रोल मोडलविरुद्धको चालू वितण्डालाई छिटोभन्दा छिटो समाधान गरिनुपर्छ ।

जलविद्युत्मा देखिएका पछिल्ला घटनाक्रम र यस कम्पनीको शेयरप्रति लगानीकर्ताको आकर्षणलाई कानूनी रूपमा सम्बोधन गर्न जरुरी छ, जसमा विद्यमान धितोपत्रसम्बन्धी नियमको परिमार्जन र जलविद्युत्मा भरपर्दो नियमनकारीको अभाव पूर्ति गर्नुपर्छ । यसले अपार जलस्रोतको उपयोगमार्फत समृद्धि प्राप्त गर्न सहयोग गर्नेछ । सार्वजनिक क्षेत्र एक्लैको काम अप्रभावकारी भएको, समुदायको सहकार्यविनाको पूर्वाधार विकास असम्भव प्रायः भएको र निजी प्रवर्धकका परियोजनामा प्रवर्धकहरू आफै लागत बढाउन संलग्न हुने भएकाले नयाँ कानूनको आवश्यकता रहेको हो । बैङ्क तथा वित्तीय संस्थाजस्तै जलविद्युत् कम्पनीहरू पनि अनिवार्य रूपमा पब्लिक लि कम्पनीका रूपमा स्थापना गरिनुपर्ने कानूनी प्रबन्धले यसमा आइपर्ने समस्याको समाधान दिनेछ ।

अहिले तामाकोशीमा सम्बध पक्षहरू बढी शेयरका लागि दाबा गरिरहेका छन् । मजदूरहरूको शेयर दाबालगायत केही विषय पछिल्ला विवादहरू हुन् । पर्दा पछाडिबाट प्रायोजित कार्यक्रमको तस्वीरका दृश्यहरूले स्पष्ट पार्ने हुँदा यस्ता समस्याको समाधान असहज छैन । तर, समाधानको सार्थक पहल भएको देखिँदैन । शेयरमा जन उत्साहले जलविद्युत् लगानीयोग्य क्षेत्र भएको पुष्टि गर्छ । अहिले पूर्वाधार विकास कम्पनीले खोजेअनुरूप जलविद्युत्मा पनि पूर्व प्राथमिक निष्कासन (प्रिआईपीओ)जारी गरी पूँजी सङ्कलन गर्न सकिने व्यवस्था गर्नुपर्छ । सरकारी क्षेत्रको नेतृत्वमा आकर्षक परियोजना छनोट गर्दा सर्वसाधारणबाटै १ हजार मेगावाट क्षमताको परियोजना बनाउने स्रोत जुटाउन सकिन्छ । यसले ८–१० अर्ब रुपैयाँका परियोजनाका लागि मुलुकमा खासै समस्या छैन । यसले सरकारलाई शर्तसहितका ऋणका लागि दाताहरूसँग झोली थापी रहनबाट मुक्त गर्छ । तर, नियतमा समस्या छ ।

यसबाट जलविद्युत् परियोजनाहरू विकास समिति, प्राधिकरण तथा प्राइभेट कम्पनीले बनाउनुपर्छ भन्ने दिनगए । तामाकोशी, चिलिमेजस्तै सबैको सहभागितामा हुने समावेशी पूँजीवादी प्रारूपको मोडेल नै नेपालको जलविद्युत् विकासको आधार हो । यस्तो चेतनाको छेकथुन राजनीतिमा निहित इमानदारीको खडेरीमा व्याप्त छ । निहित स्वार्थले यसलाई मलजल गरेको छ । तर, समावेशी मोडलले उज्यालो दिनको सङ्केत गर्छ । जलविद्युत्पछि सडक, रेल, सुरुङ, एयरपोर्टजस्ता पूर्वाधार विकासमा कसरी लागू गर्न सकिन्छ । हाम्रा ‘थिङ्क ट्याङ्क’ले यसबारे विचार गर्ने बेला भइसकेको छ । मन्त्रिपरिषद्मा लगिएको

सार्वजनिक निजी साझेदारी नीतिले विद्यमान समस्याहरू हल गर्ने बाटो खुला गरोस् र अहिलेको पुस्तामा नै समृद्धि प्राप्त गर्ने गरी नीति निर्माण होस् ।

*लेखक नेपाल विद्युत् प्राधिकरणमा कार्यरत छन् ।*

श्रोतः अभियान, २०७२/१/१

# पश्चिम सेती जलविद्युत् आयोजना

### वैदेशिक लगानी स्वीकृत गर्ने निर्णय

चैत ३०, काठमाडौं । गानी बोर्डको १७ औं बैठकले पश्चिम सेती जलविद्युत् आयोजना विकासका लागि वैदेशिक लगानी स्वीकृत गर्ने निर्णय गरेको छ । सोमवार सिंहदरबारमा बोर्डका अध्यक्ष तथा प्रधानमन्त्री सुशील कोइरालाको अध्यक्षतामा बसेको बैठकले उक्त निर्णय गरेको हो । बैठकले ७ सय ५० मेगावाट विद्युत् उत्पादन क्षमताको सो आयोजना विकासका लागि चिनियाँ कम्पनी 'सीडब्ल्यूई इन्भेष्टमेण्ट कर्पोरेशन'को लगानी स्वीकृत गर्ने निर्णय गरेको हो । उक्त आयोजनाको अनुमानित लागत १ खर्ब ६० अर्ब रुपैयाँ छ । बैठकले चिनियाँ कम्पनी र नेपाल विद्युत् प्राधिकरणको स्वामित्व रहने गरी नेपालमा संयुक्त लगानीको कम्पनी स्थापना गर्नसमेत निर्देशन दिने निर्णय गरेको छ ।

यसअघि लगानी गर्नेसम्बन्धी निर्णय नहुँदा चिनियाँ कम्पनीले नेपालमा संयुक्त लगानीको कम्पनी स्थापना गर्न पाएको थिएन । बैठकले उक्त कम्पनीलाई वर्षायाम शुरू हुनुअगावै आयोजनास्थलमा भौगर्भिकलगायत अध्ययन गर्न दिने अनुमतिसमेत दिएको छ ।

त्यस्तै, लगानी बोर्डअन्तर्गत कार्यान्वयन हुने जलविद्युत् आयोजनाको परियोजना विकास सम्झौता (पीडीए) वार्ता शुल्कबापत प्रतिमेगावाट १ हजार ५ सय अमेरिकी डलर शुल्क लिने भएको छ । साथै पीडीए वार्ता गर्न ७ सदस्यीय वार्ताटोली गठन गर्ने निर्णयसमेत गरेको छ । समितिमा लगानी बोर्डका कार्यकारी प्रमुखको संयोजकत्वमा लगानी बोर्डको कार्यालय, अर्थ, ऊर्जा र कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयका सहसचिवहरू, विद्युत् विकास विभागका महानिर्देशक र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक रहनेछन् । जलविद्युत्बाहेक अन्य आयोजनाको वार्ता टोलीमा भने सम्बन्धित मन्त्रालयका सहसचिव र विभागका महानिर्देशक गरी २ सदस्य समावेश हुनेछन् ।

बैठकले तामाकोशी तेस्रो जलविद्युत् आयोजनाको परियोजना वार्ता सम्झौता (पीएनए) को समयावधि संशोधन गरी त्यसमा हस्ताक्षर गर्ने अधिकारी बोर्डका कार्यकारी प्रमुखलाई दिने निर्णय गरेको छ ।

साथै, बोर्डका कार्यकारी अधिकृतको कार्यसम्पादन मूल्याङ्कन गर्न अर्थमन्त्रीको संयोजकत्वमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष र नेपाल सरकारका पूर्वसचिव विमल वाग्ले रहने गरी एक विशेषज्ञ समिति गठन गर्ने निर्णय गरेको छ ।

बैठकले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको स्तरोन्नतिको काम अविलम्ब अघि बढाउन ८ सदस्यीय

उच्चस्तरीय समन्वय तथा सहजीकरण समिति गठन गर्ने निर्णयसमेत गरेको छ । सो समितिमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री संयोजक रहनेछन् । सदस्यहरूमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, अर्थ र कानून मन्त्रालयका सचिवहरू, लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत, नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक तथा बोर्ड कार्यालयका सहसचिव सदस्य रहनेछन् । दोस्रो अन्तरराष्ट्रिय विमानस्थल निर्माणसम्बन्धमा भने बैठकले दुवै (टीआईएसमेत) आयोजनालाई प्रभावकारी ढङ्गले अघि बढाउनेबारे अध्ययन गर्ने भएको छ । उक्त अध्ययनबाट प्राप्त हुने प्रतिवेदनको आधारमा थप कार्य अघि बढाइने भएको छ ।

बैठकमा प्रधानमन्त्री सुशील कोइरालाले ठूला लगानीमा विकास गरिने आयोजनाका लागि जतिसक्दो बढी वैदेशिक लगानी भित्र्याउने र देशमै उपलब्ध रकम आयोजना विकासको लागि लगाउनुपर्नेमा जोड दिए । त्यसका लागि विदेशी लगानीमा निर्माण गरिने आयोजनाहरूले नेपाली बैङ्कबाट ऋण लिने दिनेसम्बन्धमा अर्थ मन्त्रालयले एक मापदण्ड तयारी गर्नुपर्नेमा उनले जोड दिए ।

श्रोतः राजधानि दैनिक, २०७२/१/१

# प्राधिकरणको घाटा चार वर्षमा २४ अर्ब पुग्दै

भीम गौतम

नेपाल विद्युत् प्राधिकरणको घाटा चार वर्षमै २४ अर्ब रुपैयाँ पुग्ने भएको छ । आर्थिक वर्ष २०६७÷०६८ मा सरकारले २७ अर्ब रुपैयाँ घाटा अवलेखन गरेकोमा त्यसपछि मात्र चालू वर्षको अन्त्यसम्म घाटा २४ अर्ब पुग्ने प्राधिकरण अर्थ निर्देशनालयले जनाएको छ ।

| आर्थिक वर्ष | घाटा |
|---|---|
| २०६८/०६९ | ९ अर्ब ५० करोड |
| २०६९/०७० | ३ अर्ब ३७ करोड |
| २०७०/०७१ | ४ अर्ब ७० करोड |
| २०७१/०७२ | ६ अर्ब ४४ करोड (अनुमानित) |
| **जम्मा** | **२३ अर्ब ९७ करोड** |

**स्रोतः** नेपाल विद्युत् प्राधिकरण

आर्थिक वर्ष २०५७÷०५८ देखि झन्डै १० वर्षको घाटा २७ अर्ब पुगेकामा पछिल्लो चार वर्षमै ह्वात्तै बढेर यति धेरै घाटा पुग्न लागेको हो । गत आर्थिक वर्षको अन्त्यसम्ममा १७ अर्ब ५७ करोड रुपैयाँ घाटामा रहेको प्राधिकरणमा यस वर्ष चालू वर्षमा मात्र ६ अर्ब ४४ करोड रुपैयाँ हुने अनुमान छ ।

'भारतबाट विद्युत् आयातको मूल्यान्तर, ग्रामीण विद्युतीकरण र चुहावटलगायतका कारण घाटा बढ्दै गएको हो,' प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले भने, 'सरकारले भारतबाट विद्युत् आयातको मूल्यान्तर रकम र विद्युत् महसुल वृद्धि गर्‍यो भने घाटा कम हुन्छ ।' प्राधिकरणका अनुसार, भारतबाट विद्युत् आयात गर्दाको मूल्यान्तर रकम वर्षको साढे ३ अर्ब रुपैयाँभन्दा बढी हुन्छ । अर्थ मन्त्रालयले भारतबाट विद्युत् आयात गर्दाको मूल्यान्तर रकम दिँदै आएपछि गत वर्षको २० करोड रुपैयाँ दिन बाँकी छ भने चालू आर्थिक वर्षको ६ महिनाको मात्र २ अर्ब दिन बाँकी छ ।

प्राधिकरणलाई चुहावटबाट मात्र बर्सेनि ८ अर्ब रुपैयाँभन्दा बढीको घाटा हुन्छ । प्राधिकरणका अनुसार, १५ प्रतिशत प्राविधिक चुहावट छ भने १० प्रतिशत चोरी चुहावट छ । सरकारले भारतबाट आयात विद्युत्को मूल्यान्तर रकम दिएमा प्राधिकरणभित्र चुहावट नियन्त्रणलगायतका कार्य अघि बढाइ घाटा आधामा झार्न सकिने दाबी कार्यकारी निर्देशक काफ्लेको छ । तर, प्राधिकरणको चुहावट प्रभावकारी रूपमा घट्न सकेको छैन ।

आर्थिक वर्ष २०६७÷०६८ मा २७ अर्ब अप लेखन गरेपछिको पहिलो वर्षमै प्राधिकरण ९ अर्ब ५० करोड घाटा लागेको थियो । ११ वर्षपछि विद्युत् महसुल निर्धारण आयोगले २०६९ सालमा महसुल बढाएपछि त्यो घाटा आर्थिक वर्ष २०६९÷०७० मा ३ अर्ब ३७ करोडमा झरेको थियो । आर्थिक वर्ष २०७०÷०७१ म ४ अर्ब ७० करोड पुगेको घाटा चालू वर्षमा झन्डै २ अर्ब बढ्न लागेको हो ।

प्राधिकरणका अनुसार, भारतबाट आयात विद्युत्मा प्रति युनिट दुई रुपैयाँ घाटा छ भने २२० केभीको खिम्ती ढल्केबर प्रसारण लाइन नबन्दा प्राधिकरणले बर्सेनि १ अर्ब भन्दा बढी घाटा बेहोर्नुपरेको छ । चोरी (अप्राविधिक) चुहावट नियन्त्रणका लागि अभियान चलाएको पनि छ तर लक्ष्यअनुसार चुहावट घट्न सकेको छैन । वितरणमा समेत प्राधिकरणको चुहावट धेरै छ । प्राधिकरणले प्रशारण र वितरण दुवैको प्राविधिक चुहावट घटाउनका लागि बल्ल प्रसारण र वितरण गुरुयोजना बनाउन लागेको छ । प्राधिकरणका अनुसार, दुवै गुरुयोजना बनाएपछि मात्र चुहावट नियन्त्रणका लागि सहयोग पुग्नेछ ।

श्रोतः राजधानि दैनिक, २०७२/१/१

## नर्वेद्वारा साढे २ अर्ब सहायता घोषणा

नेपाललाई नर्वेजियन सरकारले २ अर्ब ५० करोड रुपैयाँ सहायता दिने घोषणा गरेको छ ।नर्वेजियन सरकारका विदेश मामिला राज्यमन्त्री मोर्टेन हगलन्डले दुईदिने भ्रमण सकेर फर्कनेक्रममा आयोजित पत्रकार सम्मेलनमा ऊर्जाको क्षेत्रमा सो रकम सहयोग गर्ने घोषणा गरेका हुन् ।

'सबैका लागि दिगो ऊर्जा' को लक्ष्य हासिल गर्नका लागि नेपाललाई नवीकरण ऊर्जा र ऊर्जा दक्षता कार्यक्रमका लागि सो सहयोग गरिएको हो । ऊर्जा, शिक्षा र सुशासनका लागि सन् २०१४ मा मात्र नर्वेले नेपाललाई ३ अर्ब ५० करोड रुपैयाँ सहयोग गरेको थियो ।

स्वदेश फर्कनुअघिको पत्रकार सम्मेलनमा राज्यमन्त्री मोर्टेनले ऊर्जा, शिक्षा र सुशासनको क्षेत्रमा नेपाललाई नर्वेले सहयोग गर्दै आएको बताए । 'नेपाल र भारतबीच भएको ऊर्जा व्यापार सम्झौता (पीटीए)ले नेपालको जलविद्युत् विकासका लागि सहज वातावरण बनेको छ,' उनले भने, 'नेपालको ऊर्जा क्षेत्रको आवश्यकताको आधारमा नर्वेले सहयोग गर्छ ।' उनले नेपाल र नर्वेको भौगोलिक अवस्था मिल्ने बताउँदै जलविद्युत् क्षेत्रमा ज्ञान र प्रविधिको आदानप्रदान तथा सहायतालाई निरन्तरता र आवश्यकताको आधारमा वृद्धि गर्दै जाने बताए ।

दुईदिने भ्रमणमा आएका मोर्टेनले प्रधानमन्त्री सुशील कोइराला, अर्थमन्त्री डा. रामशरण महत, परराष्ट्रमन्त्री महेन्द्रबहादुर पाण्डे, महिला तथा बालबालिका मन्त्री निलम केसी तथा ऊर्जा सचिव राजेन्द्रकिशोर क्षत्रीलगायतसँग शिक्षा, सुशासन र ऊर्जा क्षेत्रबारे चर्चा गरेका थिए । राज्यमन्त्री मोर्टेनले राजनीतिक दलका प्रमुख नेताका साथै नागरिक समाजका प्रतिनिधिलाई समेत भेटेका थिए ।

प्रधानमन्त्री कोइरालाले मोर्टेनसँगको भेटमा सरकार नयाँ संविधान निर्माणका लागि सक्रिय रहेको र लामो समयदेखि राजनीतिक अस्थिरता रहेकाले अब छिट्टै नयाँ संविधान बनाएर अन्योल हटाउने बताएका थिए । आफ्नो देशको समस्या समाधान गर्नका लागि आफंै सक्षम रहेको उनले बताए ।

मोर्टेनले भने भेटमा सबै नेपालीलाई आधारभूत मानव अधिकारको ग्यारेन्टीसहितको संविधान बनाउन आग्रह गर्दै प्रधानमन्त्रीलाई भ्रष्टाचारविरुद्धको अभियान सशक्त बनाउन आग्रह गरेका थिए । उनले सबै क्षेत्रमा हुने भ्रष्टाचारविरुद्ध लड्न पनि प्रधानमन्त्रीलाई आग्रह गरेका थिए ।

परराष्ट्रमन्त्री पाण्डेसँगको भेटमा भने मोर्टेनले नर्वे सबैका लागि नेपालमा गुणस्तर शिक्षा निश्चितता हुनुपर्ने पक्षमा रहेको बताउँदै जलविद्युत् विकासमा लगानी वृद्धि गर्ने चाहना राखेका थिए ।

राज्यमन्त्री मोर्टेनले परराष्ट्रमन्त्री पाण्डेलाई ७ जुलाई २०१५ मा हुन लागेको ओस्लो समिट अन एजुकेसन फर डेभलपमेन्टका सहभागिताका लागि निमन्त्रणा गरेका थिए । मोर्टेनले संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्मा आफ्नो देशले मुलुकले उम्मेदवारी दिन लागेको बताउँदै त्यसका लागि सहयोग र समर्थन गर्न पनि आग्रह गरेका थिए ।

श्रोतः नेपाल समाचारपत्र, २०७२/१/२

## आँधीखोला जलविद्युत् आयोजनाको क्षमता वृद्धि

बुटवल पावर कम्पनीअन्तर्गत सञ्चालित आँधीखोला जलविद्युत् आयोजनाले क्षमता विस्तारको गरिएको छ। यसअघि ५.१ मेगावाट विद्युत् उत्पादन गर्दै आएको भए पनि क्षमता वृद्धि गरी ९.४ मेगावाट पु¥याइएको हो। क्षमता विस्तारपछि थप क्षमताअनुसारको विद्युत् उत्पादनसमेत शुरू गरेको कम्पनीले जनाएको छ।
जिल्लाको जगत्रदेवी गाविस–८ मा बाँध बाँधेर वार्ड नं ९ स्थित गल्याङमा पावर हाउस निर्माण गरेर २०४६ सालबाट ५.१ मेगावाट विद्युत् उत्पादन गर्दै आएको आँधीखोला जलविद्युत् आयोजनाले थप ४.३ मेगावाट क्षमता विस्तार गरि ९.४ मेगावाट पु¥याउन आयोजनाले २०६९ मंसिरबाट उत्पादन बन्द गरेर क्षमता विस्तारको काम शुरू गरेको थियो।
आयोजनामा यसअघि जडित उपकरण झण्डै सय वर्ष पुरानो भएकाले छिटो बिग्रिरहने, विद्युत् उत्पादन बन्द भइरहने, उपकरण मर्मत तथा सम्भार गर्न निकै समस्या हुने र पूर्ण रूपमा विद्युत् उत्पादन तथा सञ्चालन गर्न कठिन भएकाले पुराना उपकरण हटाई नयाँ जडान गरी क्षमता वृद्धि गरिएको वुटवल पावर कम्पनीले जनाएको छ।
आयोजना मर्मतका लागि मेगा बैंक र विश्व बैंकअन्तर्गतको अन्तर्राष्ट्रिय वित्त निगमबाट ऋण उपलब्ध गराएको थियो । उक्त आयोजनाको क्षमता वृद्धि भई मुलुकमा जारी ऊर्जा संकट समाधान गर्न केही मद्दत मिल्ने विश्वास लिइएको छ। आयोजनाद्वारा वितरित पानीले स्याङ्जा तथा पाल्पा जिल्लाका थप २५० हेक्टर गरी ५६० हेक्टर जमिन सिँचाइ सुविधा उपलब्ध हुने छ।
क्षमता विस्तारको काम सम्पन्न गर्न करिब दुई वर्ष लागेको े र नयाँ उपकरण जडान भएका कारण भूमिगत विद्युतगृहको लम्बाइ करिब आठ मिटर लामो हुन गएको छ। साथै टेलरेस टनेलको आकार पनि बढाइएको छ। झन्डै २५० मिटर लामो नयाँ पेनस्टक पाइप थप गरिएको छ।
कम्पनीले क्षमता विस्तारका लागि भौतिक पूर्वाधार निर्माणका लागि हिमाल हाइड्रो एन्ड जनरल कन्ट्रक्सनलाई जिम्मा दिएको थियो भने इलेक्ट्रोमेकानिकलतर्फ नेपाल हाइड्रो एन्ड इलेक्ट्रोनिक कम्पनीलाई जिम्मा दिएको थियो।

श्रोतः अभियान, २०७२/१/२

## जलविद्युत्मा लगानी वृद्धि गर्ने नर्वेको चाहना

नर्वेले नेपालको आर्थिक विकासको मेरुदण्डका रुपमा रहेको जलविद्युत् क्षेत्रको विकासमा लगानी वृद्धि गर्ने चाहना व्यक्त गरेको छ ।

नेपालको दुईदिने औपचारिक भ्रमणमा रहेका नर्वेका विदेश राज्यमन्त्री मोर्टेन हगलन्डले परराष्ट्र मन्त्री महेन्द्रबहादुर पाण्डेसँग बुधबार परराष्ट्र मन्त्रालयमा भएको भेटवार्तामा त्यस्तो चाहना व्यक्त गरेका हुन् । आफूसँगको भेटमा नर्वेले नेपालको लोकतन्त्र, सुशासन प्रवद्र्धन, शिक्षा र विकासका निम्ति विशेष चासो राखेको मन्त्री पाण्डेले बताए ।

संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्मा आफ्नो मुलुकले उम्मेदवारी दिन लागेको जानकारी गराउँदै त्यसमा नेपालको सहयोग र समर्थन आफूले अपेक्षा गरेको राज्यमन्त्री हगलन्डले बताएको मन्त्री पाण्डेले जानकारी दिए । नेपाल र नर्वेबीच सन् १९७३ मा कूटनीतिक सम्बन्ध स्थापना भएको हो । त्यसयता नर्वेले नेपालको सामाजिक–आर्थिक विकासमा निरन्तर सहयोग गर्दै आएको छ ।

नेपाल सरकारले निर्धारण गरेको प्राथमिकताअनुसार आधारभूत प्राथमिक शिक्षा, जलविद्युत्, ऊर्जा, मानवअधिकार, विकेन्द्रीकरण, शान्ति स्थापना, सुशासन, निजी क्षेत्रको विकासमा केन्द्रित रहेर नर्वेले सहयोग गर्दै आएको छ । नर्वेली सहयोग ग्रामीण विद्युतीकरणमा पनि उल्लेख्यरुपमा उपयोग भएको छ । नर्वेली अन्तर्राष्ट्रिय सहयोग नियोग (नोराड) मार्फत पनि नर्वेले नेपालको विकास प्रयासमा सघाउँदै आएको छ । नोराडले दक्ष जनशक्ति उत्पादनका निम्ति विभिन्न समयमा छात्रवृत्ति प्रदान गर्दै आएको छ । शान्ति कोषमा नर्वेले ३ करोडभन्दा बढी नर्वेजियन क्रोनर उपलब्ध गराएको छ ।

भेटमा नेपालका लागि नर्वेका राजदूत चेल टोर्मोड पिटरसेन र यहाँस्थित नर्वेली दूतावासका उच्च अधिकारीहरुको उपस्थिति रहेको थियो । *रासस*

श्रोतः  कारोबार,  २०७२/१/२

## जलविद्युत् विकासमा सघाउने नर्वेको चाहना

नर्वेले नेपालको आर्थिक विकासको मेरुदण्डका रुपमा रहेको जलविद्युत् क्षेत्रको विकासमा लगानी वृद्धि गर्ने चाहना व्यक्त गरेको छ ।

नेपालको दुईदिने औपचारिक भ्रमणमा रहेका नर्वेका विदेश राज्यमन्त्री मोर्टेन हगलन्डले परराष्ट्र मन्त्री महेन्द्रबहादुर पाण्डेसँग आज परराष्ट्र मन्त्रालयमा भएको भेटवार्तामा त्यस्तो चाहना व्यक्त गरेका हुन् ।

आफूसँगको भेटमा नर्वेले नेपालको लोकतन्त्र, सुशासन प्रवद्र्धन, शिक्षा र विकासका निम्ति विशेष चासो राखेको मन्त्री पाण्डेले राससलाई जानकारी दिए ।

संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्मा आफ्नो मुलुकले उम्मेदवारी दिन लागेको जानकारी गराउँदै त्यसमा नेपालको सहयोग र समर्थन आफूले अपेक्षा गरेको राज्यमन्त्री हगलन्डले बताएको मन्त्री पाण्डेले भने ।

नेपाल र नर्वेबीच सन् १९७३ मा कूटनीतिक सम्बन्ध स्थापना भएको हो । त्यसयता नर्वेले नेपालको सामाजिक–आर्थिक विकासमा निरन्तर सहयोग गर्दै आएको छ ।

नेपाल सरकारले निर्धारण गरेको प्राथमिकताअनुसार आधारभूत प्राथमिक शिक्षा, जलविद्युत्, ऊर्जा, मानवअधिकार, विकेन्द्रीकरण, शान्ति स्थापना, सुशासन, निजी क्षेत्रको विकासमा केन्द्रित रहेर नर्वेले सहयोग गर्दै आएको छ । नर्वेली सहयोग ग्रामीण विद्युतीकरणमा पनि उल्लेख्यरुपमा उपयोग भएको छ ।

नर्वेली अन्तर्राष्ट्रिय सहयोग नियोग (नोराड) मार्फत पनि नर्वेले नेपालको विकास प्रयासमा सघाउँदै आएको छ । नोराडले दक्ष जनशक्ति उत्पादनका निम्ति विभिन्न समयमा छात्रवृत्ति प्रदान गर्दै आएको छ । शान्ति कोषमा नर्वेले तीन करोडभन्दा बढी नर्वेजियन क्रोनर उपलब्ध गराएको छ ।
भेटमा नेपालका लागि नर्वेका राजदूत चेल टोर्मोड पिटरसेन र यहाँस्थित नर्वेली दूतावासका उच्च अधिकारीहरुको उपस्थितति रहेको थियो ।  रासस

श्रोतः गोरखापत्र, २०७२/१/२

## जलविद्युत् विकासमा सघाउने नर्वेको चाहना

काठमाडौँ, वैशाख २ गते । नर्वेले नेपालको आर्थिक विकासको मेरुदण्डका रुपमा रहेको जलविद्युत् क्षेत्रको विकासमा लगानी वृद्धि गर्ने चाहना व्यक्त गरेको छ ।नेपालको दुईदिने औपचारिक भ्रमणमा रहनुभएका नर्वेका विदेश राज्यमन्त्री मोर्टेन हगलन्डले परराष्ट्र मन्त्री महेन्द्रबहादुर पाण्डेसँग आज परराष्ट्र मन्त्रालयमा भएको भेटवार्तामा त्यस्तो चाहना व्यक्त गर्नुभएको हो ।

आफूसँगको भेटमा नर्वेले नेपालको लोकतन्त्र, सुशासन प्रवद्र्धन, शिक्षा र विकासका निम्ति विशेष चासो राखेको मन्त्री पाण्डेले राससलाई जानकारी दिनुभयो । संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्मा आफ्नो मुलुकले उम्मेदवारी दिन लागेको जानकारी गराउँदै त्यसमा नेपालको सहयोग र समर्थन आफूले अपेक्षा गरेको राज्यमन्त्री हगलन्डले बताउनुभएको मन्त्री पाण्डेले बताउनुभयो ।

नेपाल र नर्वेबीच सन् १९७३ मा कूटनीतिक सम्बन्ध स्थापना भएको हो । त्यसयता नर्वेले नेपालको सामाजिक–आर्थिक विकासमा निरन्तर सहयोग गर्दै आएको छ ।नेपाल सरकारले निर्धारण गरेको प्राथमिकताअनुसार आधारभूत प्राथमिक शिक्षा, जलविद्युत्, ऊर्जा, मानवअधिकार, विकेन्द्रीकरण, शान्ति स्थापना, सुशासन, निजी क्षेत्रको विकासमा केन्द्रित रहेर नर्वेले सहयोग गर्दै आएको छ । नर्वेली सहयोग ग्रामीण विद्युतीकरणमा पनि उल्लेख्यरुपमा उपयोग भएको छ ।

नर्वेली अन्तर्राष्ट्रिय सहयोग नियोग ९नोराड० मार्फत पनि नर्वेले नेपालको विकास प्रयासमा सघाउँदै आएको छ । नोराडले दक्ष जनशक्ति उत्पादनका निम्ति विभिन्न समयमा छात्रवृत्ति प्रदान गर्दै आएको छ । शान्ति कोषमा नर्वेले तीन करोडभन्दा बढी नर्वेजियन क्रोनर उपलब्ध गराएको छ ।
भेटमा नेपालका लागि नर्वेका राजदूत चेल टोर्मोड पिटरसेन र यहाँस्थित नर्वेली दूतावासका उच्च अधिकारीहरुको उपस्थितति रहेको थियो । रासस

श्रोतः नागरिक, २०७२/१/३

# हिउँदमा बिजुली नेपाली बजारमै बेच्न आग्रह

लक्ष्मण वियोगी

लगानी बोर्डले तामाकोसी–३ जलविद्युत आयोजना निर्माणको जिम्मा पाएको नर्वेको एसएन (स्ट्याटक्र्याफ्ट नरफन्ड) पावर कम्पनीलाई उत्पादित बिजुली हिउँदका ६ महिना नेपालमै बेच्न आग्रह गरेको छ।

हिउँदमा अझै लामो समयसम्म बिजुली अभाव हुने र त्यसको पूर्ति गर्न भारतबाट आयात गर्नुपर्ने बाध्यता भएकाले यहाँको माग पूरा गरेरमात्र भारतमा बेच्न आग्रह गरिएको हो।

अधिकांश नदी प्रवाही आयोजना भएकाले हिउँदमा यहाँ बिजुली अभाव हुने हुँदा उचित मूल्य पाए यतै बेच्न सकिनेमा एसएन पावर सकारात्मक देखिएको बोर्डका प्रमुख कार्यकारी अधिकृत राधेश पन्तले बताए।

'आयोजनाका लागि लगानी जोहो गर्दा बैंकले विद्युत खरिद सम्झौता (पिपिए) गरेको वा बिजुली बेच्ने बजार खोज्छ,' उनले बुधबार नागरिकसँग भने, 'नेपाललाई हिउँदमा बढी बिजुली चाहिन्छ, यसमा नेपाल विद्युत प्राधिकरण समेत सकारात्मक हुनेछ।'

कम्पनी यहाँ बिजुली बेच्ने विषयमा सकारात्मक देखिए पनि यसका लागि प्राधिकरणले पिपिए गर्नुपर्ने उनले बताए। 'प्राधिकरणले बिजुलीको माग र आपूर्तिको प्रक्षेपण गरेको छ, उसले पिपिए गर्ने टुंगो लागेपछि मात्र एसएन पावरले यहाँ बिजुली बेच्ने आधार तय हुन्छ,' उनले भने।

तामाकोसीको बिजुली भारत निर्यात गर्ने उद्देश्यले सरकारले सन् २००९ मा एसएन पावरलाई ६ सय मेगावाटका लागि मात्र अध्ययन अनुमतिपत्र दिएको थियो। कम्पनीले वातावरणीय, भौगोलिक र नदीको बहावको अध्ययन गरेर ८ सय ८० मेगावाट क्षमतामा बनाउन सकिने निचोड निकालेको थियो।

'नेपालले त्यतिबेला भारतसँग विद्युत व्यापार सम्झौता (पिटिए) गरेको थिएन र उक्त परिमाणको बिजुली यहाँ खपत हुने अवस्था पनि थिएन,' पन्तले भने, 'अहिले भारतसँग पिटिए भइसकेको छ, त्यसैले कम्पनी आयोजना बनाउन उत्साही देखिएको छ।'

प्राधिकरणले पिपिए नगर्दा र भारतमा समेत बिजुली बेच्ने बलियो आधार नहुँदा एसएन पावरले आयोजना निर्माणमा चासो देखाएको थिएन। साथै ८ सय ८० मेगावाट क्षमतामा आयोजना बनाउँदा दोलखाको सिँगटी बजारसमेत डुबानमा पर्ने हुँदा स्थानीयले विरोध गरेका थिए। त्यसपछि कम्पनीले क्षमता ६ सय ५० मेगावाटमा झरेको हो।

कम्पनीले हिउँदका ६ महिना यहाँ बेच्ने हो भने त्यो कुल क्षमताको २५ प्रतिशत (करिब १ सय ६३ मेगावाट) हुन्छ। आयोजनाबाट वार्षिक २ अर्ब ४० करोड युनिट बिजुली उत्पादन हुने अध्ययनले देखाएको छ।

'हिउँदका ६ महिना करिब ६० करोड युनिट बिजुली उत्पादन हुन्छ, त्यसले हिउँदको बिजुली अभावमा ठूलो योगदान पुग्छ,' पन्तले भने।

आयोजना नदी प्रवाही भए पनि १५ करोड ७८ लाख मिटर क्युबसम्म पानी सञ्चित हुने जलाशय बन्ने र यसमा करिब डेढ महिनासम्म पानी सञ्चित गर्न सकिने बोर्ड अधिकारीको भनाइ छ। प्राधिकरणले सन् २०१७/०१८ पछि बर्खाको बिजुली खेर जाने र हिउँदमा अभाव हुने प्रक्षेपण गरेको छ।

एसएन पावरले हिउँदको मात्र बिजुली बेच्यो भने भारतबाट आयातित बिजुली भन्दा सस्तो पर्ने प्राधिकरण अधिकारी बताउँछन्। प्राधिकरणले पिपिए गरिदिए भारतसम्म प्रसारण लाइन बनाएर बिजुली उता निर्यात गर्नुभन्दा यतै बेच्न धेरै सस्तो पर्नेछ।

एसएन पावरले अहिले वातावरणीय र भौगोलिक प्रभावको बाँकी अध्ययन गरिरहेको छ। सम्पूर्ण अध्ययन पूरा नभएकाले बोर्डले यसका लागि एक वर्षको समय थपेको जनाएको छ। उक्त अवधिभित्र भूगोल परीक्षण गर्न चार ठाउँमा ५ सय मिटरका सुरुङ खन्नुपर्नेछ भने प्रसारण लाइन निर्माणको अध्ययनलगायतका सबै काम सक्नुपर्नेछ।

एसएन पावर नर्वेमा ऊर्जा उत्पादन गर्ने उत्कृष्ट सरकारी स्वामित्वको कम्पनी हो। यसले त्यहाँ वार्षिक ५ हजार २ सय गिगावाट घन्टा बिजुली उत्पादन गर्दै आएको छ। नर्वेमा उसले १ लाख ८० हजार ग्राहकलाई बिजुली वितरण पनि गर्छ। सक्षम कम्पनी भएकाले यसले आयोजना बनाउन सजिलै आर्थिक जोहो गर्न सक्ने बोर्ड अधिकारीको तर्क छ।

कम्पनीसँग एक वर्षभित्र आयोजना विकास सम्झौता (पिडिए) गरेर निर्माण गर्ने बाटो खुला गरिदिने बोर्डले जनाएको छ। बर्खापछि तामाकोसी र मर्स्याङ्दी–२ को पिडिए सुरु गर्ने गरी बोर्डले तयारी गरेको छ।

आयोजनाबाट दोलखाका लदुक, झ्याकु, लामिडाँडा, नाम्दुलगायत १८ गाविस र भिमेश्वर नगरपालिका र रामेछापको फुलाँसी गाविस प्रभावित हुने अध्ययनले देखाएको छ। आयोजनाको जलाशयले ४ सय २४ हेक्टर जमिनमा प्रत्यक्ष असर पार्नेछ। जटिल भौगोलिक क्षेत्र बढी भएकाले आयोजनाको लागत माथिल्लो कर्णाली र अरुण तेस्रोको भन्दा बढी लाग्ने अनुमान गरिएको छ।

श्रोतः अभियान, २०७२/१/३

# नेपालको जलविद्युत् विकासमा सघाउँदै नर्वे

नर्वेले नेपालको आर्थिक विकासको मेरुदण्डका रूपमा रहेको जलविद्युत् क्षेत्रको विकासमा लगानी वृद्धि गर्ने चाहना व्यक्त गरेको छ । नेपालको दुईदिने औपचारिक भ्रमणमा रहेका नर्वेका विदेश राज्यमन्त्री मोर्टेन हगलण्डले परराष्ट्रमन्त्री महेन्द्रबहादुर पाण्डेसँग बुधवार परराष्ट्र मन्त्रालयमा भएको भेटवार्तामा त्यस्तो चाहना व्यक्त गरेका हुन् ।

आफूसँगको भेटमा नर्वेले नेपालको लोकतन्त्र, सुशासन प्रवद्र्धन, शिक्षा र विकासका निम्ति विशेष चासो राखेको मन्त्री पाण्डेले जानकारी दिए । संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्मा आफ्नो मुलुकले उम्मेदवारी दिन लागेको जानकारी गराउँदै त्यसमा नेपालको सहयोग र समर्थन आफूले अपेक्षा गरेको राज्यमन्त्री हगलण्डले बताउनुभएको मन्त्री पाण्डेको भनाइ थियो ।

नेपाल र नर्वेबीच सन् १९७३ मा कूटनीतिक सम्बन्ध स्थापना भएको हो । त्यसयता नर्वेले नेपालको सामाजिक–आर्थिक विकासमा निरन्तर सहयोग गर्दै आएको छ । नेपाल सरकारले निर्धारण गरेको प्राथमिकताअनुसार आधारभूत प्राथमिक शिक्षा, जलविद्युत्, ऊर्जा, मानवअधिकार, विकेन्द्रीकरण, शान्ति स्थापना, सुशासन, निजीक्षेत्रको विकासमा केन्द्रित रहेर नर्वेले सहयोग गर्दै आएको छ । नर्वेली सहयोग ग्रामीण विद्युतीकरणमा पनि उल्लेख्य रूपमा उपयोग भएको छ ।

नर्वेली अन्तरराष्ट्रिय सहयोग नियोग (नोराड)मार्फत पनि नर्वेले नेपालको विकास प्रयासमा सघाउँदै आएको छ । नोराडले दक्ष जनशक्ति उत्पादनका निम्ति विभिन्न समयमा छात्रवृत्ति प्रदान गर्दै आएको छ । शान्ति कोषमा नर्वेले ३ करोडभन्दा बढी नर्वेजियन क्रोनर उपलब्ध गराएको छ ।

भेटमा नेपालका लागि नर्वेका राजदूत चेल टोर्मोड पिटरसेन र यहाँस्थित नर्वेली दूतावासका उच्च अधिकारीहरूको उपस्थितति थियो । रासस
प्रधानमन्त्री कोइराला–नर्वेली

श्रोतः कान्तिपुर, २०७२/१/४

# पञ्चेश्वरमा उदासीनता

लोकमणि राई

पञ्चेश्वर बहुउदेश्यीय आयोजना विकासमा सरकार उदासीन देखिएको छ । भारतले धमाधम डीपीआर निर्माण गरिरहँदा त्यसलाई सुपरिवेक्षण गर्ने अधिकारी नियुक्त गर्नसमेत ऊर्जा मन्त्रालयले तत्परता देखाएको छैन ।

३ वर्षे आलोपालो प्रणालीका आधारमा प्राधिकरणमा सुरुमा प्रमुख कार्यकारी अधिकृत नेपालका तर्फबाट रहने र भारतका तर्फबाट अतिरिक्त प्रमुख कार्यकारी अधिकृत रहने सम्झौता छ । त्यस्तै नेपालका तर्फबाट ३ र भारतका तर्फबाट ३ कार्यकारी निर्देशक रहने व्यवस्था छ ।

भारतले अतिरिक्त कार्यकारी अधिकृत र कार्यकारी निर्देशक (प्राविधिक) सहित २ अधिकारी नियुक्त गरी सहमतिका लागि नाम पठाइसकेको छ । तर नेपालले भने कुनै पनि नियुक्ति गरेको छैन । 'प्राविधिक क्षेत्र हेर्ने कार्यकारी निर्देशक नियुक्तिबाट भारत डीपीआरप्रति सचेत छ भन्ने देखिन्छ,' ऊर्जा मन्त्रालयका एक अधिकारीले भने, 'आफ्नै परामर्शदाता भए पनि डीपीआर सुपरिवेक्षण गर्न भारतले त्यससँग सम्बन्धित कार्यकारी अधिकृत नियुक्त गरिसकेको छ । नेपाल भने उदासीन छ ।'

नेपालतर्फका अधिकारी नियुक्त नगर्दा तत्कालका लागि भारतले बनाइरहेको विस्तृत सम्भाव्यता अध्ययन (डीपीआर) को अनुगमन गर्न सकेको छैन । सँगै आयोजनाबारे सरकार गम्भीर नभएको सन्देश पनि दिएको छ । पञ्चेश्वरको डीपीआर भारतीय सरकारी कम्पनी वाप्कोस लिमिटेडले तयार पारिरहेको छ । दुई देशबीचको सम्झौताअनुसार पञ्चेश्वर प्राधिकरणका कार्यकारी समितिको संयुक्त टोलीले वाप्कोस र उसको कामको सुपरिवेक्षण गर्नुपर्छ ।

जानकारहरूका अनुसार पञ्चेश्वरमा काम गर्ने अधिकारी नियुक्ति नगरेर सरकारले लापरबाही गरेको छ । 'दुवै देशले सहमति गरे वाप्कोसलाई डीपीआर बनाउन लगाउने, तर २ देशबीचको संयन्त्र -पञ्चेश्वर विकास प्राधिकरण) सक्रिय नरहने वा आयोजनाको कार्यालयसमेत स्थापना नहुने अवस्थाका कारण शंका गर्ने ठाउँ छ,' जल तथा ऊर्जा आयोगका पूर्वसचिव श्रीरञ्जन लाकौलले भने । तर, उनले अहिल्यै एकतर्फी रूपमा बने डीपीआर विवादित बन्छ भन्नु अपरिपक्व हुने बताए । 'तर पानीको बाँडफाँड, उपयोग र रिरेगुलेटिङ ड्याम निर्माणजस्ता केही मुद्दा छन् जुन नसल्टिएसम्म डीपीआर बन्नै सक्दैन,' उनले भने, 'यीलगायतका मुद्दामा दुई देशबीच सहमति नभई डीपीआरलाई अन्तिम रूप दिन सकिन्न ।' उनले भारत

सरकारकै कम्पनी भएकाले वाप्कोसलाई भारत सरकार नै भन्दा हुने बताए । 'भारतले एकलौटी ढंगले काम गर्दा बन्ने रिपोर्ट नेपालको हितमा हुन्छ हुँदैन अहिल्यै भन्नु प्रिमेच्योर हुन्छ,' उनले भने, 'तर त्यसमा शंका गर्न सकिन्छ ।'

वाप्कोसले गत मंसिर ३ देखि ६ महिनाभित्र डीपीआर तयार गर्ने कार्यादेश पाएको छ । तर, कार्यादेश पाएको ५ महिना बितिसक्दा पनि सरकारले पञ्चेश्वर प्राधिकरणको प्रमुख कार्यकारी अधिकृतलगायतका कर्मचारी नियुक्त गरेको छैन । यसले गर्दा वाप्कोसले कस्तो डीपीआर बनाइरहेको छ भन्नेमा नेपाल अनभिज्ञ छ ।